वर्ष : २०, अंक : ४३, काठमाडौं, २०८१ चैत २९ गते शुक्रबार, 11 April, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# अग्निपरीक्षामा संघीय लोकतान्त्रिक मोर्चा !

मधेशवाणी डेस्क




काठमाडौं । गत साता तराई-मधेशकेन्द्रित सात राजनीतिक दलहरुले घोषणा गरेको संघीय लोकतान्त्रिक मोर्चा घोषणामै सीमित हुने हो कि भन्ने शंका उब्जिन थालेको छ । मोर्चा घोषणा कार्यक्रममा नेताहरुले संघीय लोकतान्त्रिक गणतन्त्रका लागि सशक्तरुपमा उभिने उद्घोष गरेका थिए । यता, गणतन्त्र र संघीयता विरोधीहरु सडक तताउन थालेका छन् । तर, संघीयता र लोकतन्त्र रक्षाका लागि संघर्ष गर्ने भनि घोषित सात दलीय मोर्चाको अहिलेसम्म कुनै स्पष्ट मार्गचित्र देखिएको छैन । मोर्चाले तराई-मधेशका जनतालाई पनि बुझाउन सकेको छैन कि अहिलेको समयमा मोर्चाको आवश्यकता किन पर्‍यो ।

खासगरी मधेशकेन्द्रित दलहरुबीच मोर्चाबन्दी, गठबन्धन वा सहकार्यको एउटा खास उद्देश्यका लागि हुँदै आएको छ । चुनावमा जाँदा वा आन्दोलन गर्नुपर्दा विगतमा मधेशकेन्द्रित दलहरुबीच मोर्चाबन्दी र सहकार्य हुँदै आएको थियो । विगतमा मोर्चाबन्दी वा गठबन्धन हुँदा मधेशमा निकै उत्साह र जनतामा विश्वासको माहोल थियो । तर पछिल्लो पटकको मोर्चाबन्दीले मधेशमा खासै उत्साह वा विश्वासको वातावरण बन्न सकेको छैन ।

अहिलेको अवस्थामा संघीय लोकतान्त्रिक मोर्चाको आवश्यकता किन पर्‍यो, यसले के गर्छ भनि मोर्चाले अहिलेसम्म सार्वजनिक गरेको छैन । मोर्चा निर्माणका एक जना सूत्रधार जनता प्रगतिशील पार्टी नेपालका अध्यक्षसँग मधेशवाणीले यी प्रश्नहरुबारे जिज्ञासा राख्दा उनले कञ्चनपुरदेखि झापासम्मको मधेशीबीच भावनात्मक र भौगोलिक एकता मोर्चाको मुख्य कार्यभार रहेको बताएका छन् ।

मधेशवाणीसँगको अन्तर्वार्तामा त्रिपाठीले भनेका छन्, 'यो संविधान जारी भइसकेपछि मधेश टुक्रा-टुक्रामा विभाजित भयो । मधेशको भूगोल मात्र होइन, भावना पनि खण्डित भएको छ । पहिले कञ्चनपुरदेखि झापासम्मका आममधेशीहरु एकताको भावना थियो, गर्व गर्थे कि हामी मधेशी हौं । यसको कारण के थियो भने राज्यले गर्ने भेदभाव सबैसँग सम्मान थियो, सबै एउटै भेदभावका शिकार थिए ।' उनले अहिले मधेशको भूगोल र समाज पनि विभाजित भएको बताउँदै समाज जात-जातमा विभाजित भएकोप्रति चिन्ता व्यक्त गरेका छन् ॥

'हामीले हिजो कल्पना गरेर देखेको अभ्यास गरेको तराई-मधेश अहिले छैन । त्यसकारणले सामान्य चुनाव-सुनावका लागि बनाइएको मोर्चा होइन । संघीय लोकतान्त्रिक मोर्चाको पहिलो चुनौती समग्र तराई-मधेशमा बस्ने सबैलाई एक सूत्रमा बाँध्ने कसरी । अहिले मधेश भूगोल र सामाजिकरुपले बाँडिएको छ । यी दुईटै चुनौती पार गर्न धेरै ठूलो त्याग, कठिनाई र संघर्षको आवश्यकता पर्छ ।' उनले अगाडि थपे, 'यसमा संघीय लोकतान्त्रिक मोर्चा सफल हुनैपर्छ । अन्यथा, दुईचार थान सांसद सदस्य, प्रदेशको सरकारमा मात्रै सीमित रह्यो भने अहिले पनि त छँदैछ । यदि त्यतिमा मात्रै सीमित रह्यो भने यो मोर्चाको कुनै खासै औचित्य देखा पर्दैन ।'

उनले समग्र तराई-मधेशका आम जनताको भूगोल र भावनालाई जोड्नु चुनौतीपूर्ण काम रहेको जिकिर गरेका छन् । 'अहिले वर्तमान कथित मधेश प्रदेशभन्दा अलग क्षेत्रबाट प्रतिनिधित्व गर्ने पात्र हुँ । म लुम्बिनी प्रदेशबाट हुँ । हिजो लुम्बिनी मधेशको अभिभाज्य अंग थियो, अहिले विखण्डित छ । भावनात्मकरुपले पनि कसरी एक ठाउँमा ल्याउने यो मोर्चाको सबभन्दा ठूलो चुनौती हो र मोर्चामा रहेका अध्यक्षहरुका लागि अग्निपरीक्षा हो । यो अग्निपरीक्षामा उत्रियो भने मोर्चा सफल हुन्छ ।' उनले भनेका हुन् ।

वर्तमान राजनीतिक अवस्थामा यदि २०८४ को चुनाव भयो भने धेरै तात्विक असर नपर्ने त्रिपाठी दाबी गर्दै भने, 'पात्रहरु बदलिन्छन्, पार्टीको संख्या तल-माथि होला तर जति क्रियाकलापहरु भइरहेका छन्, ती करिब-करिब उस्तै रहन्छन् । अर्थात् २०८४ को चुनावले पनि समाधान दिँदैन । यो भूमरिमा अहिले देश फँसेको अवस्था छ । यथास्थितिलाई नै अगाडि बढाउँदै जाने हो भने पनि समाधान दिनेवाला छैन र अर्को समाधानको बाटो अहिले आइसकेको छैन ।'

*बाँकी अन्तिम पृष्ठमा*

## 'तराई-मधेश विखण्डित छ, यसलाई एकाकार गराउन सुरूवात गरेका छौं'

अन्तर्वार्ता पृष्ठ ३ मा



हृदयेश त्रिपाठी

## शिक्षकहरूको न्यायोचित माग वार्तामार्फत् अविलम्ब सम्बोधन गर्न लोसपाको आग्रह



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले आन्दोलनरत् शिक्षकहरुको न्यायोचित माग वार्तामार्फत् अविलम्ब सम्बोधन गर्न सरकारसँग आग्रह गरेका छन् ।

'देशको भविष्य र समृद्धिको मेरुदण्ड शिक्षा नै रहेकोले लामो समयदेखि शैक्षिक गतिविधि अवरुद्ध हुनु चिन्ताको विषय हो,' उनले भने, 'सरकारले यथाशीघ्र वार्ता र सम्वादको माध्यमले जायज र न्यायोचित माग सम्बोधन गर्न सरकारलाई गम्भीर ध्यानाकर्षण गराउँदछु ।' शिक्षकहरु राष्ट्र निर्माण र भविष्यका कर्णधारक रहेको भन्दै अध्यक्ष ठाकुरले शिक्षकहरुको हक अधिकारलाई बेवास्ता गर्न नहुने तर्क गरेका छन् ।

यता, अध्यक्ष ठाकुरले शिक्षकहरुको कतिपय मागहरु संविधान संशोधनसँग सम्बन्धित रहेको र शिक्षासम्बान्धी ऐन पनि संसदमा विचाराधीन रहेकोले तत्काल पूरा हुनसक्ने मागहरुबारे सरकारसँग वार्तामा आउन आग्रह पनि गरेका छन् ।

तत्काल पूरा हुन सक्ने माग र संविधान संशोधनसँग सम्बन्धी मागबारे छलफल गरी समस्याको समाधान गर्न सरकार र आन्दोलनरत् शिक्षक दुवै पक्षलाई उनले आग्रह गरेका छन् । शिक्षकहरु विद्यालय अवरुद्ध गरेर सडक आन्दोलन गर्नु अत्यन्तै चिन्ताको विषय रहेको भन्दै सरकारले अविलम्ब ठोस कदम चालेर शिक्षकलाई शैक्षिक कार्यमा पठाउन पनि उनले सरकारसँग जोडदार माग गरेका छन् ।

## पूर्वप्रदेश प्रमुख डा.अहिराजद्वारा ४७औं पटक रक्तदान



काठमाडौं । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा.राजेश अहिराजले ४७औं पटक रक्तदान गरेका छन् । सोमबार काठमाडौंस्थित प्रदर्शनी मार्गमा रहेको नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा डा.अहिराजले रक्तदान गरेका हुन् ।

देशमा रगतको अभाव रहेको भन्दै उनले हरेक जिम्मेवार र सक्षम नागरिकहरुले रक्तदान गर्न आग्रह गरेका छन् । उनले देशमा रगतको समस्या कायम रहेकोले सबै सक्षम जनप्रतिनिधि, समाजका अगुवा, राष्ट्रसेवक र बुद्धिजीवीहरुलाई रक्तदान गर्न अपिल गरेका हुन् ।

## राज्यको जनताविरोधी र दमनकारी चरित्र फेरि उदाङ्गियो : महतो

काठमाडौं । वित्तीय पीडितको आन्दोलनको क्रममा भएको धरपकड जनताविरोधी र दमनकारी चरित्र रहेको राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले बताएका छन् ।

पूर्वउपप्रधानमन्त्री समेत रहेका अध्यक्ष महतोले बिहीबार विज्ञप्ति जारी गरी वित्तीय समस्या समाधान संयुक्त राष्ट्रिय अभियान (महासंघ) नेपालको आह्वानमा विभिन्न अभियानी संघ संस्थाहरूको जारी शान्तिपूर्ण आन्दोलनले सहकारी पीडित, लघुवित्तबाट ठगिएका गरिब जनता, बैंकिङ धोखाधडीका शिकार परिवारको आन्दोलन प्रति एक्यवद्धता रहिआएको बताएका हुन् ।



जुलुसमा सहभागी रामुपाका केन्द्रीय सदस्य देव कुमार श्रेष्ठसहित २४ जना

बुधबार वित्तीय शोषणविरुद्ध शान्तिपूर्ण मसाल पीडितहरूलाई सरकारले अमानवीय ढंगमा गिरफ्तार गरेको घटनाले राज्यको "जनताविरोधी र दमनकारी चरित्र" लाई फेरि एकपटक उजागर गरेको उनले आरोप लगाएका छन् ।

'यो केवल गिरफ्तारी होइन, आन्दोलनलाई डराएर दबाउने सरकारी षड्यन्त्र हो । सर्वहरण उन्मुख गराउन खोजिएका पीडितहरु भोक, प्यास, र लाठीले डराउने जनता होइन, जबसम्म वित्तीय पीडितहरूलाई न्याय मिल्दैन, हाम्रो समेत समर्थनमा रहेको संघर्ष थाम्ने कुनै शक्ति छैन ।' अध्यक्ष महतोले भनेका छन् ।

उनले भनेका छन्, सरकारले आफैं कडा संघर्षको आह्वान गरे जस्तो छ । गिरफ्तारीले हाम्रो आवाज रोक्न सक्दैन, यसले मात्र आगोमा घिउ हाल्नेछ । शान्तिपूर्ण एवं अहिंसात्मक संघर्षलाई सम्मान गर्दै पक्राउ परेकालाई अबिलम्ब बिना-शर्त रिहाइ गर्न राष्ट्रिय मुक्ति पार्टी मांग गर्दछ । आँसु र रगतले सिँचिएको यो संघर्ष सम्बोधनको साटो राज्य अझ दमनमा उत्रिनु अन्याय हो ।'

उनले यो नेपालको गरिब जनताको आर्थिक न्यायको लडाइँ रहेको भन्दै न्याय, समानता र आर्थिक शोषणको अन्त्यका लागि हुने यस संघर्षमा सम्पूर्ण नागरिक समाज, अभियानी समूह तथा पीडित वर्ग एकजुट भई आन्दोलनलाई सफल र परिणाममुखी बनाउन आग्रह गरेका छन् ।

## 'उत्पीडित जनताको राज्यसत्ता स्थापनाका लागि मोर्चा अब बन्दैछ'

जनकपुरधाम । नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारीले उत्पीडित जनताको राज्यसत्ता स्थापनाका लागि वैकल्पिक महागठबन्धन वा मोर्चा आफूहरुले बनाउन लागेको बताएका छन् । उनले उत्पीडित जनताको वास्तविक मोर्चा घोषणा गर्ने बताएका हुन् ।

चार राजनीतिक दलहरु नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल सद्भावना पार्टी र नेपाल जनजागृति पार्टीले शनिबार संयुक्तरुपमा जनकपुरधाममा आयोजना गरेको 'संघीय लोकतान्त्रिक व्यवस्थाको रक्षा गर्दै थप अधिकार प्राप्तिका लागि उत्पीडित जनताको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा अन्सारीले सो कुरा बताएका छन् ।



हालै मधेशकेन्द्रित सात राजनीतिक दलले घोषणा गरेको संघीय लोकतान्त्रिक मोर्चाप्रति कटाक्ष गर्दै उनले भने, 'सात दलले घोषणा गरेको मोर्चा कथित मधेशवादी र अवसरवादीहरुको समूह रहेको छ । तिनीहरु जहिले पनि मधेशी जनताको आन्दोलनलाई अपहरण गरी बेइमानी गरे ।'

उनले मधेशको नेतृत्व कहिल्यै पनि वास्तविक मधेशीको हात नआएको भन्दै कतिथ मधेशवादीहरुले मधेशको आन्दोलनलाई अपहरण गरेको आरोप लगाए । सात दलको मोर्चामा रहेका नेताहरु पटक-पटक कैयौंपटक मन्त्री भए तर उत्पीडित जनताको पक्षमा कुनै काम गरेको उनको आरोप थियो । 'अहिले पनि घोषणा भएको मोर्चाको अनुहार हेर्नुस्, यिनी संकीर्णताबाट माथि कहिल्यै उठ्न सकेनन् । यिनीहरुको मोर्चामा दलित, मुस्लिम, पिछडावर्गको नेतृत्व छैन । यिनीहरु आफूलाई जहिले पनि संकीर्ण राखे, जसकारण नेपालका सिंगो उत्पीडित जनताले जहिले पनि घाटा बेहोर्नुपर्‍यो ।' उनले थपे, 'कथित मधेशवादी वास्तवमा संकीर्ण हुन् ।'

उनले भने, 'अहिलेको आवश्यकता भनेको बृहतरुपमा देशमा रहेका सम्पूर्ण उत्पीडित शक्तिलाई एक ठाउँमा जम्मा गर्ने र त्यसपछि अधिकारका लागि राज्यसँग संघर्ष गर्ने, निर्वाचनमा पनि जाने । अनि मात्रै संसदमा पनि उत्पीडित जनताको सही प्रतिनिधित्व हुन्छ ।'

मुद्दा विसर्जनवादीहरु छोडिसकेका मुद्दाहरुलाई अगाडि बढाउने बताउँदै अन्सारीले यिनीहरुको अकर्मण्यताका कारण २२ जिल्लाको मधेश आज आठ जिल्लामा सीमित भएको आरोप लगाए । अध्यक्ष अन्सारीले पूर्वराजा ज्ञानेन्द्रले

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# जनताको जीवनस्तरमा किन परिवर्तन भएन ?

पहिलेको मधेश र अहिलेको मधेशका निकै भिन्नता छ तर पनि मधेशी जनताको अपेक्षा र यहाँको सम्भाव्यताबमोजिम विकासले गति लिएको पाइँदैन। उन्नत खेती प्रणालीका लागि दक्ष र मिहिनेती जनशक्तिको आवश्यक्ता पर्छ जो मधेशमा छैन, प्राविधिक जनशक्ति र प्रविधि मधेशमा पुग्दैन। यसको परिणामस्वरूप मधेशको खेतीयोग्य जमिनबाट उत्पादन कम हुँदै गएको छ, केहीले गरे पनि पुरानै तरिकाबाट हुँदै आएको छ। अझ भनौं खेतीप्रति मानिसको वितृष्णा नै छ। यति मात्रै होइन, मधेशको खेतीयोग्य जमिनबाट पौष्टिक तत्वयुक्त धान, गहुँ, आलु, आँप, माछाको उत्पादन राम्रो हुन्छ तर यसले बजार पाउन सकेको छैन। यसले पनि मधेशमा गरिबी बढाउन सहयोग नै गरेको छ। बजेट धेरै विनियोजन हुने तर काम कम हुन्छ। यसकारण आर्थिक विकास र समृद्धिका दृष्टिकोणले मधेश प्रदेश ओरालो लाग्दो अवस्थामा देखिएको छ। राजनीतिक अस्थिरता, सुशासनको कमी, सुरक्षा र लगानीमैत्री वातावरणको अभाव, सिँचाइको अपर्याप्तता तथा बेरोजगारी जस्ता कारण यो प्रदेश आर्थिक रूपले कमजोर देखिएको हो।

विगत दुई दशकको अवस्थालाई विश्लेषण गरेर हेर्ने हो भने मधेश प्रदेशअन्तर्गतका सबै जिल्ला उच्च समृद्धिस्तर भएका जिल्लाको श्रेणीमा पर्दथे। तर पछिल्लो समयमा यो प्रदेशअन्तर्गतका आठ जिल्लामध्ये तीन जिल्ला मध्यम समृद्धि स्तर र तीन जिल्ला न्यून समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा परेका छन्। महोत्तरी र सर्लाही मात्र उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा छ। यसो हुनुका प्रमुख कारण राजनीतिक नेतृत्वले आम नागरिकको सामाजिक न्याय र समतामूलक समाज सहितको समृद्धिको चाहनालाई सुनिश्चित गर्न नसक्नु र भ्रष्टाचार र अनियमितता मौलाउनु नै मुख्य कारण हो । राजनीति व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थ हासिल गर्ने सशक्त माध्यम हुन नसक्नाका कारण नै यो प्रदेशको आर्थिक विकास र समृद्धि झन् ओरालो लाग्दो अवस्थामा देखिएको हो। राजनीतिको सम्बन्ध जनताको जीवनस्तर, आर्थिक उन्नति र प्रगतिसँग नरहेकाले नै यो प्रदेशको आर्थिक विकास र समृद्धि ओरालो लाग्दो अवस्थामा पुगेको हो।

सो प्रतिवेदनले २०५८ सालमा तराईका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा उच्च समृद्धि स्तर भएको जिल्लामा परेको देखाएको छ। तर विकेन्द्रीकृत शासन प्रणालीको अवधारणालाई प्रभावकारी रूपमा व्यवहारमा लागू गर्न नसक्नु र कुनै विशेष जातिको मात्र राज्य संयन्त्रमा बढी वर्चस्व रहनु र राज्यको स्रोतमा पनि उनीहरूकै हालीमुहाली कायम रहनाले विस्तारै यी जिल्ला मध्यम र न्यून समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्न गएको हो।

आर्थिक रूपान्तरणको अनुभूति गराउन नसक्नु र जनताको जीवनस्तर बढाउन नसक्नुमा आर्थिक मुद्दामा राजनीतिक दलले आँखा चिम्लने प्रवृत्ति नै बढी जिम्मेवार भएको देखिन्छ। राजनीतिक र आर्थिक मुद्दासँगै जानुपर्नेमा राजनीतिक दल विकासभन्दा राजनीतिमा नै बढी केन्द्रित भएकाले पनि जनताको जीवनस्तर बढन नसकेको हो।

# मधेशी निजामती कर्मचारी मञ्चका केन्द्रीय पादधिकारीहरू सार्वजनिक



काठमाडौं। निजामती कर्मचारीहरुको राष्ट्रियस्तरको ट्रेड युनियन नेपाल मधेशी निजामती कर्मचारी मञ्चको १०७ सदस्यीय केन्द्रीय पदाधिकारीहरुको नामावली सार्वजनिक गरिएको छ। जनकपुरधाममा चैत ७-९ गते सम्पन्न मञ्चको चौथो महाधिवेशन तथा चैत २४ गते मधेश भवन काठमाडौंमा सम्पन्न घोषणा सभाबाट केन्द्रीय अध्यक्ष लालबाबु यादवको अध्यक्षतामा केन्द्रीय पदाधिकारीहरुको नामावली सार्वजनिक गरिएको हो।

मञ्चका उपाध्यक्षहरुमा ताहिर हुसेन, जवाहर लाल प्रसाद कुर्मी, पूर्ण शंकर यादव, राम आधार यादव, विजय कुमार यादव, सुजिता कुमारी राउत, राकेश रंजन दास, राम बाबु महतो, सुनिल कुमार पाण्डे, दिपेन्द्र कुमार यादव, रुमा कुमारी झा, राज कुमार महतो, कामेश्वर राउत, सत्यनारायण यादव, अजय कुमार झा, अमजद अलि अन्सारी र जगदीश साह रहेका छन्। यस्तै, महासचिवद्वयमा अनिल कुमार साह र रवि शंकर पाण्डे छन्।

यसैगरी, सचिवहरुमा सरिता कुमारी साह, सन्तोष यादव, राम अशिष शर्मा, सत्य नारायण झा, बद्री मण्डल, नवल किशोर साह, बैजनाथ सिंह, दिपक कुमार ठाकुर, राम स्वरुप सिंह, मनिर अन्सारी, शिव नारायण मण्डल, मिथिलेश साह, जितेन्द्र प्रसाद यादव, राधेश्याम चौधरी, सन्ध्या दास, संदीप पटेल र हिरावन यादव रहेका छन्। यस्तै, कोषाध्यक्षमा पुष्पा कुमारी मिश्र, सहकोषाध्यक्षमा राम हृदय यादव र सचिवलाय सदस्यमा विन्देश्वर यादव रहेका छन्।

त्यसैगरी, केन्द्रीय सदस्यहरुमा ईन्द्रदेव साह, प्रवीण प्रताप साह, जोगानन्द गोइत यादव, ललित कुमार यादव, कौशल कुमार यादव, सन्तोष कुमार यादव, रमेश कुमार माफी, शशि यादव, राम सुलित महतो, वैधनाथ मण्डल, रविन्द्र राय यादव, अरविन्द झा, सुनिल कुमार साह, रिमा दुवे, मनोज कुमार मण्डल, राम प्रबोध कुमार महासेठ, सन्तोष कुमार झा, दिनेश कुमार यादव, आविद हुसेन, बब्लु कुमार अग्रहरी, दिलिप कुमार यादव, सन्तोष मेहता, दिनेश कुमार चौधरी, नविन मिश्र, महालक्ष्मी शर्मा, राजु कुमार झा, पंकज कुमार मिश्र, मनोज कुमार महतो, राघवेन्द्र प्रताप चौधरी, राम ध्यान साह, राम पुकार यादव, सजन चौधरी, राजेश कुमार साह, संजय कुमार साह, प्रमोद कुमार साह, योगेन्द्र प्रसाद यादव, दिलिप पंजियार, श्याम लाल प्रसाद साह, सिताराम राय, रविकान्त झा, श्याम सुन्दर महतो, शुभकरण राय, नागेन्द्र प्रसाद बैठा, चिनबहादुर यादव, सागिर हुसेन, मो.नुर मोहमद मिया, शैलेन्द्र चौधरी, संजय यादव, रुपेश त्रिपाठी, विनोद कापर र दुर्गा चौधरी रहेका छन्।

त्यस्तै, केन्द्रीय सदस्यहरुमा दिपक मण्डल, धर्मेश यादव, धर्मेन्द्र कुमार यादव, सुनिल साह, आरती शर्मा, पुष्पा शर्मा, अजित कुमार यादव, रोशन कुशवाहा, सुनिल मण्डल, कमल पासमान, पन्नालाल प्रसाद साह, मधुरेन्द्र झा, जयप्रकाश मण्डल, राजेश कुमार झा र भरत दास रहेका छन्।

# नेताहरूको मनोमानीमा फँसेको हाम्रो 'गणतन्त्र'

**एकातिर राष्ट्र र जनताहरुले जे बेथिति बेहोरे पनि नेताहरुको चाँदी भएको छ। नेताहरु कुर्सीमा रमाई-रमाई बलिया र शक्तिशाली भएका छन्। जो नेता र त्यसका पार्टी जति बलिया छन् तिनीहरु त्यति बढी नै रमाइरहेका छन्। जहाँ जनताहरु गरीब र कमजोर हुँदै गईरहेका छन्, त्यहीं नेताहरु धनी र शक्तिशाली हुँदै गइरहेका छन्।**



पशुपतिनाथ झा मधेशी

भनिन्छ, नेपाल सत्तीले सरापेको देश हो। साँच्चै नै हो कि ? किनभने आजै मात्रै होइन कयौं वर्षदेखि नै हाम्रो प्यारो देश नेपाल राजनीतिक अस्थिरता, राजनीतिक हत्या, हिंसा खेपिदै आइरहेको छ। सुरुवात पृथ्वीनारायण शाहदेखि गरौं भने एकीकरण ताका पनि धेरै नै षड्यंत्र, हत्या, हिंसा जस्ता घटनाहरु घटे। तत्पश्चात राणाहरुले देशमा शासन गर्दा कोतपर्व हत्याकाण्डदेखि लिएर कठोर निरंकुश शासनको समय पनि देखियो। वि.सं. २००७ सालमा राजा त्रिभुवनको अगुवाईमा र पछि राजा महेन्द्रले पञ्चायती व्यवस्था स्थापनाको समयमा पनि हाम्रो प्यारो देशले कति नै आंदोलन हत्या हिंसा खेपे। वि.सं. २०४६-४७ सालको आन्दोलनपश्चात् देशमा पञ्चायती प्रजातन्त्रको स्थापना भयो। तत्पश्चात पनि आन्दोलन हत्या र हिंसा हुँदाहुँदै हामी आजको गणतन्त्र नेपालमा आइपुग्यौं।

विश्वमा धेरै नै व्यवस्था र संविधान बदलिरहने देशमध्ये हाम्रो देश पनि पर्न जान्छ। झन् वि.सं. २०४७ सालपछि त हाम्रो देशमा हरेक वर्ष नै सरकार फेरिएको छ। यसकारण पनि हाम्रो देशलाई हरेक वर्ष सरकार फेरिएको देश भन्न मिल्छ। यस्ता राजनीतिक अस्थिरता भएको देश कसरी विकास गर्न सक्छ त ? हरेक वर्ष सरकार फेरिनु विकासको सबभन्दा ठूलो अवरोधमध्ये एक हो। विगतको वर्षमा चीन र भारतलाइ हेर्दा चीनमा किम जोंग र भारतमा श्री नरेन्द्र मोदीजीको स्थिर सरकार देखिएको छ। यसै कारण जहाँ हाम्रो दुबै छिमेकी मित्रराष्ट्र चीन र भारत विकासको बाटोमा हिंडिरहेका छन्। त्यहीं हामी अहिले पनि राजनीतिक स्थिरताकै लागि संघर्ष गरिरहेका छौं। हेरौं, नेपालको जनतालाई कति वर्ष अझै राजनीतिक स्थिरताका लागि कुर्नु पर्ला।

वि.सं. २०७२ सालमा हामी नयाँ संविधान पायौं। लगभग १० वर्ष हुनलाग्दा पनि कुर्सीकै खेलमा सकिने भयो। जनताले सोचेका थिए गणतन्त्र व्यवस्थामा देशको मुहार फेरिन्छ, तर फेरिने भयो सरकार र कुर्सी मात्रै।

कुनैपनि देशको विकासको गति त्यस देशको आर्थिक अवस्था र जनताहरुले पाइरहेको सुख सुविधाहरुबाट मूल्याङ्कन गर्न सकिन्छ। विकासको जग त बलियो बनाउन त्यस देशमा रोजगार सिर्जना, कृषिको अवस्था, शिक्षाको स्तर र स्वास्थ्य सेवाको अवस्थामा भर पर्छ। विगतको वर्षमा देशको आर्थिक अवस्था त झन् धरापमा परेको छ। रोजगारको नाममा विदेसिनु बाहेक अन्य कुनै विकल्प छैन। देशका विद्यार्थीहरुका पठनपाठन पनि धरापमै परेको भन्न सकिन्छ। स्वास्थ्यसेवाको नाममा देशका होस्पिटलहरुको अवस्था त्यस्तै खस्किँदै गएको हो। खेतीपाती पूर्णरूपमा सिध्याइएकै हो। धान, चावल, गेहूं, दाल, साग, सब्जी सबै आयातमै भर परेको छ। झन गणतन्त्रमा त देश संकटमा परेको जस्तो भान हुन्छ।

एकातिर राष्ट्र र जनताहरुले जे बेथिति बेहोरे पनि नेताहरुको चाँदी भएको छ। नेताहरु कुर्सीमा रमाई-रमाई बलिया र शक्तिशाली भएका छन्। जो नेता र त्यसका पार्टी जति बलिया छन् तिनीहरु त्यति बढी नै रमाइरहेका छन्। जहाँ जनताहरु गरीब र कमजोर हुँदै गईरहेका छन्, त्यहीं नेताहरु धनी र शक्तिशाली हुँदै गइरहेका छन्। यसैलाई हामी नेतातन्त्र भन्न सक्छौं। देशका नेताहरु जे गर्दा नि हुने भयो हाम्रो देशमा। देशका नेताहरु विकास बजेटलाई आफुखुशी सञ्चालित गरी अचूक सम्पति बनाइरहेका छन्। देशका जुनसुकै सरकारी निकायको शीर्षमा नेताहरुकै भागबण्डामा सरकारी नियुक्ति भइरहेका छन्। देशमा भ्रष्टाचार, घुसखोरी र बेथितिले आफ्नो जरो बलिया बनाइसकेका छन्। तर जनताहरु असहाय र निरीह प्राणी जस्तै बाँच्न बाध्य भएका छन्।

संघ सरकार जस्तै प्रदेशहरुका सरकार पनि क्षण-क्षणमा बदलिरहने सरकार नै हो। प्रदेश सरकारको काम कर्तव्य नेपालको जनताले अहिलेसम्म बुझ्न पाइरहेका छैनन्। प्रदेश सांसदहरुको विकास बजेटबाट पनि पालिकाकै बजेट जस्तै ढलान बाटो र दालान जस्ता भौतिक संरचना बनाइएको देखिन्छ। पालिकाको काम र प्रदेशको काम त फरक देखिनु पर्‍यो, हैन र ? प्रदेश सरकारको मुख्य काम त प्रदेश कसरी बलियो हुन्छ त्यातातिर हुनुपर्थ्यो। प्रदेशमा रोजगार सिर्जनाका लागि काम कर्तव्य हुनुपर्थ्यो। त्यसका लागि प्रदेशमा व्यापारिक संरचनादेखि लिएर उद्योगधन्धा खोल्ने तर्फका रणनीतिहरु बनाउनु पर्ने थियो। प्रदेशले कृषिमा ध्यान दिएर बरु आफ्नो प्रदेशको कृषि उत्पादनलाई अन्य प्रदेशसँगै अरु देशमा निर्यात गर्ने लायक बनाउनु पर्दथ्यो। प्रदेशमा राम्रा-राम्रा नयाँ स्कूल खोलाउनुको साथै प्रदेशस्थित सरकारी स्कूलहरुको पढाई लिखाइमा गुणबत्ता ल्याउने तर्फ कार्य गर्नु पर्दथ्यो। स्वास्थ्य क्षेत्रमा सुधार ल्याउनलाई २-४ वटा विश्व स्तरको हॉस्पिटलको निर्माण गराउनु पर्दथ्यो। जसले गर्दा प्रदेशका जनताको विश्वास प्रदेश सरकारमाथि हुन्थ्यो। तर ठीक यसको उल्टो भइरहेछ। प्रदेशको जनताहरुलाई भान हुन सकिरहेको छैन कि प्रदेश सरकार पनि जनताकै लागि हो। उसो भनौं भने प्रदेश सरकार त झन् आफ्नै कुर्सी फेर्न र बचाउनमा व्यस्त देखियो। प्रदेशको सरकारी निकायमा झन् भ्रष्टाचार पलाएको देखिन्छ। जनताले न्याय पाउनै गार्हो देखियो। प्रदेश सरकारले त झन् ठूलठूला सडक परियोजनाको साथै किसानका लागि सिंचाई सुबिधा उकास्ने जस्ता विकासको कार्य गर्नु पर्थ्यो।

प्रदेश सरकारहरुले त प्रदेशको विकासको जिम्मेबारी लिनुपर्यो नि। तर दुर्भाग्य छ, हामी आम जनताको। अहिले कति वटा प्रदेश सरकारले त विकासका योजनाहरू आफ्ना दलालहरु मार्फ़त कमिसनका लागि बिक्री गरिरहेको थाहा पाएर अख्तियारले फाइल झिकाएको कुरा पनि सुन्नमा आएको छ। वास्तवमा प्रदेशका नेताहरुले सोच्नुपर्ने समय आएकै हो। बेलामै चेतनु पर्‍यो नत्र प्रदेश र प्रदेश सरकारको कुनै औचित्य छैन भन्ने कुरा जनताले सोच्न थाल्न बेर छैन।

स्थानीय सरकार त झन ठूला सरकार हो। आफ्नै मनको गर्ने। कसैको नसुन्ने सरकार हो स्थानीय सरकार। राणा शासनमा भएको श्री ३ सरकारझैं बुझ्न सकिन्छ अहिलेको स्थानीय सरकार। गणतन्त्रले त झन् राजा बन्ने मौका दिएको छ स्थानीय सरकारका मेयर र अध्यक्षलाई। पालिकामा रहेका सरकारी कर्मचारीको महत्व नै छैन जति पढेर नाम निकालेका हाकिमहरूको यी अनपढ़ पालिका अध्यक्ष र मेयरहरुले केही गनेका छैनन्। भन्न त पालिका अध्यक्ष र मेयरले भन्छ हाम्रो सिग्नेचर चल्दैन, सिग्नेचर त हाकिमकै चल्ने हो तर वास्तविक कुरा त्यों होइन। यदि स्थानीय निकायका हाकिमले स-साना विरोध पनि गर्‍यो भने पालिका अध्यक्ष र मेयरबाट कुटाई खान बेर हुदैन। दिनहुँ नेपालभरिका यस्ता समाचारहरु आइराखेका नै हो कि पालिकाको सरकारी कर्मचारीलाई वडा अध्यक्ष, पालिका अध्यक्ष र मेयर ले कुटेछ भनेर। आज नेपालमा धेरै जसो पालिकाले पलिकका लागि हाकिम नै पाइरहेको छैन। धेरै गतिलो र राम्रा हकिमहरू त झन् स्थानीयमा जागिर नखाने भनेर रिजाइन नै गरिसकेका छैन। पालिका अध्यक्ष र मेयरको त झन् कुरै छोडौं जाबो वडा अध्यक्ष र वडा सदस्यहरुले आफूलाई श्री ३ सरकारभन्दा कम ठान्दैनन्। पालिकाकै जनताको भोट लिएर प्रतिनिधि बनेका यी नेताहरु पालिकाको जनतालाई किरा मकोराभन्दा बढी ठान्दैनन्।

अब स्थानीय तहको विकासको कुरा गर्दा पूरै गुण्डागर्दी शैलीमा विकास हुँदोरैछ। जहाँ मन लाग्यो त्यस्तै विकास हुने हो। आम जनताले बुझाएको राजस्वको चरम दुरूपयोग हेर्नु छ भने स्थानीय सरकारको अनुगमन गर्दा हुन्छ। आफ्नै मान्छेको उपभोगता समिति बनाइन्छ। आफ्नै मान्छेको पसलबाट सरसामान किन्न लगाइन्छ। आफै मनखुसी बिल फर्छौट गरिन्छ। जहाँ विकासको योजनाको कार्य चलिरहेको हुन्छ, त्यहाँको कुनै पनि जानकारी आमजनतलाई बिरलै दिइन्छ। आफूखुसी राजनीतिक नियुक्ति गरी पालिका तहसनहस पार्ने रणनीति बनाइन्छ। पालिका अध्यक्ष मेयर र वडा अध्यक्षहरुले सुविधाको नाममा ठूलठूला गाडि सुविधा लिई सरकारी पैसाको धज्जिया उडाइएको छ।

वि.सं २०७२ अगाडि कति राम्रा साना-साना विकास समितिहरु थियो। साना परिवार सुखी परिवार जस्तै। अहिले त पुरानो ५-७ वटा विकास समितिहरुलाई मिलाई एउटा पालिका बनाई माफ़ियातन्त्र, गुण्डागर्दी, दादागिरी, लडाई, झगड़ा जस्ता माहौल साउथ इण्डियन चलचित्र जस्तै ठूला ठूला गुन्डाहरुको भिडन्त जस्ता भइसकेको छ। नेपालको हरेक तन्त्र संघ, प्रदेश सबैलाई कमजोर पार्ने यहीं स्थानीय सरकार हो। अहिले नबुझे पनि समय आउँदै छ सबैले बुझ्नै पर्ने कुरा पछि बुझ्ला तर तबसम्म धेरै ढिलो हुन्छ। देशको झन् ठूलो आर्थिक बजेटको हिस्सा हाम्रो देशको स्थानीय तहमा खेर फालिँदै गइरहेको छ।

देशका नेतृत्वकर्ताहरुले इंमानदार भई संघ सरकारले प्रदेशहरुलाई ध्यानमा राखेर राष्ट्र हितमा नियम कानून बनाउनु र पालन गर्नु पर्‍यो। सम्पूर्ण राजनीतिक नियुक्तिलाई ख़ारिज गरी देशमा राजनीतिक नियुक्ति माथि सम्पूर्ण रोक लगाउनु पर्‍यो। गतिला जनशक्तिलाई लोकसेवाबाट छानिएर मौका दिनु पर्‍यो। हाम्रो देशमा योग्य र सक्षम व्यक्तिको कमी छैन मात्रै नियम कानूनको पालना गर्नु पर्‍यो। देश आफै अगाडि बढ्छ। त्यस्तै प्रदेश सरकारहरु प्रदेशको विकास र जनतालाई सुबिधा प्रदान गर्ने जस्ता हुनुपर्यो।

प्रदेश सरकारले आ-आफ्ना प्रदेशको भ्रष्टाचार शून्य बनाउनु पर्‍यो। प्रदेशको हरेक सुविधा जन सुलभ हुनुपर्यो। प्रदेशको शिक्षा, स्वास्थ्य, सिचाई, सुरक्षा र न्याय व्यवस्था जनमुखी बनाउनु पर्‍यो। र, अन्त्यमा स्थानीय सरकार त झन् जनसेवी सरकार हुनु पर्‍यो। उसको हरेक गतिविधिमा जनतालाई फ़ाइदा र सुविधा प्रदान गर्ने जस्ता गतिविधि हुनुपर्‍यो। स्थानीय सरकार पारदर्शी र जनसुलभ भए मात्रै देशका आम जनताले गणतन्त्रको बोध गर्न सक्थ्यो। किनभने देशका आम जनताले गणतन्त्र के हो भन्ने कुरा बुझाउने तह स्थानीय तह नै हो। अन्त्यमा म के भन्न चाहन्छु भने देशमा संघ सरकारको तल प्रदेश सरकार र प्रदेश सरकार को तल स्थानीय सरकार हुनु पर्‍यो। अनि मात्रै जनताका लागि गणतन्त्र र गणतत्रका लागि जनता भन्ने अबधारणा बुझिनेछ। जय हो।

# तराई-मधेश विखण्डित छ, यसलाई एकाकार गराउन सुरुवात गरेका छौं

**० तपाईँहरुले संघीय लोकतान्त्रिक मोर्चा घोषणा गर्नुभयो । खासगरी मोर्चाबन्दी वा गठबन्धन चुनावमा जाँदा वा आन्दोलन गर्दा हुने गरेको थियो । तर, अहिले चुनाव पनि आएको छ, तपाईँहरुले आन्दोलन गर्ने अवस्था पनि छैन । यो मोर्चाबन्दी केको लागि हो ?**

– अहिले हामीले सुरुवात गरेको मात्रै हो । सबैको प्रयासले गर्दा संघीय लोकतान्त्रिक मोर्चा बनाउन सफल भएका छौं । जब हामीले मधेशको राजनीति सुरु गरेका थियौं, त्यसबेला मेचिदेखि महाकालीसम्म मधेश एक थियो । भावनात्मकरुपले मात्रै होइन, भौगोलिकरुपले पनि मधेश जोडिएको थियो । आज त्यो अवस्था छैन । विशेषगरी, यो संविधान जारी भइसकेपछि मधेश टुक्रा-टुक्रामा विभाजित भयो । मधेशको भूगोल मात्र होइन, भावना पनि खण्डित भएको छ । पहिले कञ्चनपुरदेखि झापासम्मका आममधेशीहरु एकताको भावना थियो, गर्व गर्थे कि हामी मधेशी हौं । यसको कारण के थियो भने राज्यले गर्ने भेदभाव सबैसँग सम्मान थियो, सबै एउटै भेदभावका शिकार थिए । अहिले मधेशको भूगोल र समाज पनि विभाजित छ । समाज जात-जातमा विभाजित भयो । हामीले हिजो कल्पना गरेर देखेको अभ्यास गरेको तराई-मधेश अहिले छैन । त्यसकारणले सामान्य चुनाव-सुनावका लागि बनाइएको मोर्चा होइन । संघीय लोकतान्त्रिक मोर्चाको पहिलो चुनौती समग्र तराई-मधेशमा बस्ने सबैलाई एक सूत्रमा बाँध्ने कसरी । अहिले मधेश भूगोल र सामाजिकरुपले बाँडिएको छ । यी दुईटै चुनौती पार गर्न धेरै ठूलो त्याग, कठिनाई र संघर्षको आवश्यकता पर्छ । यसमा संघीय लोकतान्त्रिक मोर्चा सफल हुनैपर्छ । अन्यथा, दुईचार थान सांसद सदस्य, प्रदेशको सरकारमा मात्रै सीमित रह्यो भने अहिले पनि त छँदैछ । यदि त्यतिमा मात्रै सीमित रह्यो भने यो मोर्चाको कुनै खासै औचित्य देखा पर्दैन । त्यसकारणले यो चुनौतीपूर्ण काम छ । अहिले वर्तमान कथित मधेश प्रदेशभन्दा अलग क्षेत्रबाट प्रतिनिधत्व गर्ने पात्र हुँ । म लुम्बिनी प्रदेशबाट हुँ । हिजो लुम्बिनी मधेशको अभिभाज्य अंग थियो, अहिले विखण्डित छ । भावनात्मकरुपले पनि कसरी एक ठाउँमा ल्याउने यो मोर्चाको सबभन्दा ठूलो चुनौती हो र मोर्चामा रहेका अध्यक्षहरुका लागि अग्निपरीक्षा हो । यो अग्निपरीक्षामा उत्रियो भने मोर्चा सफल हुन्छ ।

**० संघीय संसदका दुई प्रमुख पार्टीको सरकारले संविधान संशोधनमार्फत् थ्रेसहोल्ड बनाउने कुरा ल्याउँदा तपाईँहरु त्यसबाट भयभीत भएर मोर्चा बनाउनुभयो भन्ने सन्देश गएको छ नि ?**

– यो गलत सोचाइ हो । किनभने हामीले विगत डेढ वर्षदेखि यसका लागि प्रयास गरिरहेका थियौं । त्यसबेला हाम्रै पार्टीले निर्णय गरेको थियो केही विषयमा हामी सहकार्य गर्नेछौं भनेर लुज एलायन्स बनाउने । जसमा तराई-मधेश लोकतान्त्रिक पार्टी र हाम्रो जनता प्रगतिशील पार्टीबीच पहिलो एलायन्स गर्‍यौं । त्यसको केही समयपछि जनमत पार्टीसँग पनि सहमति भयो । त्यसबेला थ्रेसहोल्ड वा अहिलेको कांग्रेस-एमाले गठबन्धनको सरकार थिएन । त्यसबेला यिनीहरुले आफ्नो एजेण्डा सारेकै थिएनन् । मैले भन्दै आएको छु कि तराई-मधेश विखण्डित छ, यसलाई कसरी एकाकार गराउने, यी चुनौती सामना गर्नका लागि नै हामीले सुरुवात गरेका हौं ।

वर्तमान राजनीतिक अवस्थामा यदि २०८४ को चुनाव भयो भने धेरै तात्विक असर पर्दैन । पात्रहरु बदलिन्छन्, पार्टीको संख्या तल-माथि होला तर जति क्रियाकलापहरु भइरहेका छन्, ती करिब-करिब उस्तै रहन्छन् । अर्थात् २०८४ को चुनावले पनि समाधान दिँदैन । यो भूमरिमा अहिले देश फँसेको अवस्था छ । यथास्थितिलाई नै अगाडि बढाउँदै जाने हो भने पनि समाधान दिनेवाला छैन र अर्को समाधानको बाटो अहिले आइसकेको छैन । विकल्प दिने भनेर केही शक्ति र पार्टीहरु आइरहेका छन्, तिनले प्रतिक्रियामा आफ्नो प्रतिक्रिया मात्र दिइरहेका छन् । अहिले जनतामा जुन असन्तुष्टि छन्, त्यसको लाभ उठाएर तिनीहरु आफ्नो राजनीतिक खेतिपाती गरिरहेका छन् । नेपालको अहिले जटिल अर्थतन्त्रलाई समाधान गर्ने उहाँहरुसँग के बाटो छ ? सामाजिक समस्याहरुलाई समाधान गर्ने के बाटो छ ? उहाँहरु कस्तो शासकीय स्वरुप खोज्नुभएको छ ? अर्थात् संविधानमा उहाँहरु के-के परिवर्तन खोज्नुभएको छ ? यी कुराहरु नप्रष्ट्याएर भावनामा बगेर विकल्प दिन्छु भनेर जसरी लाग्नुभएको छ, त्यो झन् कमजोर, अर्थहीन र विवेकहीन बाटोमा देशलाई लग्दैछ । त्यसकारणले समग्रमा नेपाल अहिले जटिल मोडमा पुगेको छ । यसको कसैले विकल्प खोजेका छन् भने उसले वैकल्पिक प्रस्ताव पनि दिनुपर्‍यो ।

**० समग्र तराई-मधेशको भूगोल र भावना खण्डित भएको छ भन्नुभयो, यसलाई कसरी जोड्नुहुन्छ ?**

– अहिले मोर्चा बनेको छ, मोर्चाले ती कामहरुलाई अगाडि बढाउँछ । मोर्चाभित्र गहिराईपूर्वक छलफल हुन्छ । यो सही हो कि मोर्चाका अधिकांश नेताहरु मधेश प्रदेशकै हुनुहुन्छ र उहाँहरुबीच पनि एक किसिमको प्रतिस्पर्धा मधेश प्रदेशभित्रै छ । उहाँहरु पनि यसबाट अलि माथि उठ्नुपर्ला । हामीले मधेशको राजनीति सुरु गर्दा विशेषगरी गजेन्द्रबाबुको नेतृत्वमा राजनीति भो, त्यसबेला त भावनात्मकरुपमा मधेश एक थियो । कसरी विखण्डित भो, के कारणले विखण्डित भो, अब यसको बाटो के हो ? त्यसकारणले ये ठूलो चुनौती हो । यो चुनौतीलाई मोर्चाले पार गर्नैपर्छ र त्यतातर्फ सोच्नुपर्छ ।

**० विगतमा मधेशकेन्द्रित दलहरुबीच मोर्चाबन्दी, गठबन्धन वा एकता हुँदा जनतामा एक किसिमे उत्साह देखिन्थ्यो, तर यो तपाइँहरुको मोर्चाबन्दीले जनतामा खासै उत्साह जगाएको देखिएन नि ?**

– यसको मैले मापन त गरेको छैन । तर, मधेशमा एउटा चरण थियो मोर्चाबन्दी, त्यसपछि दोस्रो चरण आयो एकीकरण र त्यसपछि चरण आयो विखण्डिकरण र विभाजनको । यो प्रक्रिया लामो अवधि चल्यो । एउटै पार्टीबाट विभाजित हुँदाहुँदै कयौं पार्टी बने । अहिले हामीले कम्तीमा लूज एलायन्सबाट सुरु गरेर मोर्चासम्म एक कदम अगाडि बढेका हौं । एकीकरण अवस्था अहिले मैले देखेको छैन । नेपालको जनतामा एउटा के भाष्य तयार भएको छ भने नेताहरु भ्रष्ट र बेइमान छन्, पार्टीहरु काम लाग्ने भएन । त्यो भाष्य मधेशमा पनि छ । त्यो भाष्यलाई चिर्दै फेरि कसरी विश्वासको वातावरण बनाउने मोर्चाका लागि तेस्रो महत्वपूर्ण चुनौती हो ।

**० यो मोर्चामा अन्य दलहरु जस्तै, अशोक राईको जसपा, प्रभु साहको आजपा लगायतका दलहरु किन अटाउन सकेनन् ?**

– प्रभु साहजीले इमान्दारीपूर्वक भन्नुभयो कि लूज एलायन्समा हामी सरिक हुनसक्ने अवस्था छैन । सुरुदेखि आठ दलको बैठकहरुमा उहाँको पार्टी भाग लिन सकेन । अशोक राईजीको पार्टीले आठ दलको बैठकमा भाग लियो, कार्यदलसम्म पनि भूमिका थियो । उहाँहरुको भनाई थियो कि लूज एलायन्ससम्म हामी रहन्छौं, मोर्चा निर्माणबारे पार्टीभित्र व्यापक छलफल गर्नुपर्छ । मोर्चामै जाने विषयमा उहाँहरु पार्टीभित्र छलफल गर्न बाँकी छ ।

**० अशोक राईको पार्टी यो मोर्चामा नअटाउनुको मुख्य कारण उपेन्द्र यादव हुनुहुन्छ भन्ने कुरा बाहिर आएको छ नि ?**

– यो एकदम गलत कुरा हो । आठ दलको लूज एलायन्स बैठकमा अशोक राईजी पनि हुनुहुन्थ्यो र उपेन्द्र यादवजी पनि हुनुहुन्थ्यो ।

**० अहिले खासगरी तराई-मधेशकेन्द्रित विभिन्न दल र समूहहरुले अभियान कार्यक्रमहरु चलाउँदैछ । तपाईँहरुको यो मोर्चा जनतामाझ कहिले जान्छ ?**

– पहिलो कुरा, यो मोर्चा कुनै समुदाय, दल वा शक्तिको विरुद्धमा गठित भएको होइन । यसको आफ्नै चुनौती छन्, त्यसलाई पार गर्नुपर्ने हुन्छ । मोर्चाको केही आचारसंहिता पारित गरिएको छ । त्यो आचारसंहिताअनुसार अध्यक्ष र दुई जना सदस्य रहने सचिवालय गठन हुन्छ । सचिवालयले समानान्तररुपले दुईटा काम गर्छ, एउटा राजनीतिक पक्ष र अर्को कार्यक्रमिक पक्ष । अहिले हामी त्यसको प्रक्रियामै छौं ।

**० यो मोर्चा कहीं घोषणामै सीमित त हुने होइन ?**

– घोषणा गर्नका लागि त सबैको आआफ्नो पार्टी छँदैछ, तर केही महत्वपूर्ण विषयमा हामी अगाडि बढ्नका लागि मोर्चाको घोषणा गरेका हौं । निष्क्रिय भएर बस्नका लागि मोर्चाको गठन भएको होइन ।

**० तपाईँहरुले विगतमा गर्नुभएको कमी कमजोरीलाई समीक्षा गर्दै जनतासँग क्षमायाचना गर्ने कि नगर्ने ?**

– हामीले क्षमायाचना त गर्नैपर्छ । विगतमा हामीबाट धेरै कमी कमजोरीहरु भएका छन् । आजसम्म कुनै पनि मधेशी पार्टी सैद्धान्तिक विभाजन भएको होइन । सबै स्वार्थपूर्ण अवसरवादी विभाजन हो । सबभन्दा ठूलो गल्ती त त्यहीं हो । त्यसका लागि त क्षमा माग्नैपर्छ ।

**० तपाईँहरु मोर्चा घोषणा सभामा संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्धता जनाउनुभएको थियो, यसको विकल्प खोज्न नसकिने भन्नुभएको थियो । तर, अहिले देशमा संघीयता र गणतन्त्रका विरुद्धमा राजावादीहरु सक्रिय भएका छन् । यसलाई कसरी हेर्नुभएको छ ?**

– त्यसैले त लोकतन्त्र आएको हो नि । राजतन्त्रमा त पार्टीको उच्चारण नै गर्न सक्दैनथ्यो । राजावादीले कमसेकम लोकतन्त्रमा त्यतिसम्म राहत पाएका छन्, लोकतन्त्रको लाभ उठाइरहेका छन् । तर, हाम्रो प्रतिबद्धता संघीय लोकतान्त्रिक गणतन्त्र नै हो ।

**० गणतन्त्र अहिले खतरामा छैन ?**



हृदयेश त्रिपाठी

अध्यक्ष, जनता प्रगतिशील पार्टी नेपाल

– छैन । यो बाहिरिया हल्ला मात्रै हो । गणतन्त्र जनताले ल्याएको हुनाले जनता खतरामा हुँदैहुँदैन ।

**० तर गणतन्त्रका विरुद्धमा र राजाको पक्षमा जनता सडकमा आइरहेका छन् नि ?**

– त्यसको केही अंश देखिन्छन् । किनभने अढाई सय वर्षको इतिहास छ राजतन्त्रको । कति परिवार जोडिएका होलान्, कतिपयले लाभ उठाएका होलान्, कतिपयलाई दलहरुसँग लाभ नभएको होला । ती सबै एकत्रित हुँदा त्यो कुनै ठूलो कुरो होइन । त्यसलाई हामीले धेरै गम्भीरतापूर्वक लिनुपर्ने अवस्था छैन ।

**० भनेपछि, नेपालमा राजसंस्था पुनर्स्थापना सम्भव छैन ?**

– जनता अहिले राजसंस्था ल्याउनुपर्छ भन्ने निष्कर्षमा पुगेका छैनन् । राजालाई यी दलहरुले मानेकै हुन् । संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थालाई हामी सबैले स्वीकार गरेर अगाडि बढेकै हो नि । कहाँबाट त्यो अतिक्रमण भो ? दलहरुले त अतिक्रमण गरेनन् । जहाँबाट अतिक्रमण भयो, त्यसपछि जनताले संघर्ष गर्दा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । यो कुनै चन्दा, पुरस्कार, दानबाट आएको होइन, यो संघर्षबाट नै प्राप्त भएको उपलब्धि हो ।

**० संवैधानिक राजसंस्था सम्भव छैन ?**

– अब छैन । किनभने ०४७ को संविधानले हामीले मानेर नै बसेकै हो नि । तर राजा नै संवैधानिक हुन चाहेन, उनले निरंकुशता रुचाए । उनलाई दलहरुको उपस्थिति नै मन परेन । भनेपछि दलहरुलाई उनको उपस्थिति मन पराउनुपर्ने कारण छैन ।

**० राजावादी आन्दोलनले राजसंस्था पुनर्स्थापना हुन सक्दैन ?**

– अहिलेको राजावादी आन्दोलनमा राजा लोकप्रिय हुँदैनन्, त्यसकारणले उहाँहरुले धर्मलाई जोडेर अगाडि बढाउन खोजिरहनुभएको छ । राजासँग जोडिएर नै हिन्दू धर्म जोखिममा परेको हो । देशमा बहुसंख्यक जनता सनातनी नै छन् । धर्मलाई राजासँग जोडेर हिन्दू धर्मलाई घाइते बनाउन खोजिएको हो । हामीले स्वीकार गर्नैपर्छ कि हाम्रो समाज सनातनी हो ।

**० भनेपछि, हिन्दूराष्ट्रको पक्षमा तपाईँहरु पनि हुनुहुन्छ ?**

– पहिलो कुरा राष्ट्र र देशकै परिभाषा गहन अध्ययनकै विषय हो । देश, राष्ट्र र राज्य के हो भन्ने कुराको गहन अध्ययनको विषय हो । हामीकहाँ यसलाई मिसाइदिएको छ । तर, यहाँ बहुसंख्यक जनता सनातनी छन्, यसमा दुईमत छैन ।

**० छिमेकी मित्रराष्ट्रहरुसँग सरकारको सम्बन्धलाई कसरी हेर्नुभएको छ ?**

– नेपाल र भारतबीचको सम्बन्ध कुनै राजा महाराजाले बनाएको सम्बन्ध होइन । कुनै प्रधानमन्त्री, मन्त्री र सांसदले पनि बनाएको सम्बन्ध होइन । यो आम जनताले निर्माण गरेको सम्बन्ध हो । उदाहरणका लागि महाकुम्भमा स्नानका लागि नेपाली जनताले सरकारसँग अनुमति लिएर गएका थिएनन् । वा पशुपतिनाथ दर्शन गर्न आउने भारतीयहरुले भारत सरकारसँग अनुमति लिनु पर्दैन । अरुले यो सम्बन्धलाई अप्ठ्यारोमा पार्न मात्रै खोज्छन्, जनताबीच अप्ठ्यारो छैन । मूल हाम्रो सम्बन्धको आधार के हो भने हाम्रो भूमिलाई कुनै पनि छिमेकीको विरुद्धमा हामी प्रयोग गर्न दिँदैनौं । हाम्रा छिमेकीहरुको सुरक्षा सम्वेदनशीलतालाई हामीले बुझेर त्यहींअनुसार व्यवहार गर्नुपर्छ । त्यसमा तल-माथि भयो भने सम्बन्धमा तल-माथि हुन्छ ।

**० छिमेकीहरुसँग हाम्रो परराष्ट्र सम्बन्ध कस्तो देख्नुहुन्छ ?**

– बडबोलापनको शिकार भयो हाम्रो परराष्ट्र सम्बन्ध । आवश्यकताभन्दा बढी बोल्न थाल्ने, अनावश्यक टिकाटिप्पणी गर्नाले अलि समस्या देखिन्छ ।

**० प्रधानमन्त्री चीन जाँदा बीआरआई सम्झौता गरेर आउनुभयो । बीआरआई सम्झौतालाई कसरी हेरिरहनुभएको छ ?**

– प्रधानमन्त्री, परराष्ट्रमन्त्री र सरकारका निकायले हामी ऋण लिँदैनौं, अनुदान मात्रै लिन्छौं भन्दै आउनुभएको थियो । तर, बीआरआई सम्झौतामा त्यो देखिएन ।

**० पछिल्लो निर्वाचनमा तपाइँ नेपालकै सबैभन्दा धनाढ्य व्यसायीसँग पराजित हुनुभयो । यसबारे के भन्नुहुन्छ ?**

– यसलाई मैले कुनै अनौठो मानेको छैन । उहाँ एउटा गठबन्धनको उम्मेद्वार हुनुहुन्थ्यो । उहाँ आफै पनि नेपालकै सबभन्दा बढी धनी हुनुहुन्छ । त्यो चुनावमा जनताको जे निर्णय भयो, त्यसलाई मैले सहजै स्वीकार गरेको हुँ ।

**० अब अन्त्यमा, मधेशवाणी आफ्नो प्रकाशनको २० वर्ष पूरा गरी २१औं वर्षमा प्रवेश गर्दैछ, के सन्देश दिन चाहनुहुन्छ ?**

– म सबभन्दा पहिला मधेशवाणीलाई शुभकामना दिन चाहन्छु, उत्तरोत्तर प्रगतिको काम गर्न चाहन्छु । तराई-मधेशको जनताको जो उत्पीडित छन्, संस्थागत भेदभावका शिकार छन् तिनको आवाज उठाउन विभिन्न कठिनाई चुनौती झेल्दै मधेशवाणी जसरी अगाडि बढेको छ, यसको म उच्च सम्मान गर्दै सफलताको कामना गर्दछु ।

# विद्यालयको डिजिटल उपस्थिति किन आवश्यक छ ?



ईन्जिनियर बसन्त गुप्ता

**ई-डिजिटल नेपालले मोबाइल एप्स मार्फत् अभिभावकलाई विद्यालयसँग रियल टाइम अपडेट प्रदान गर्छ, जसले प्रभावकारी सम्पर्क स्थापना गर्छ। अभिभावकले बच्चाको उपस्थिति, गृहकार्य, परीक्षा नतिजा, शुल्क विवरण आदि सजिलै ट्र्याक गर्न सक्छन्।**

शिक्षामा डिजिटल प्रविधिको महत्व

विदेशिएको अभिभावकलाई स्कूलसँग जोड्दै ई-डिजिटल नेपाल

आजको डिजिटल युगमा शिक्षा क्षेत्रलाई प्रविधिसँग जोड्नु अत्यावश्यक बनिसकेको छ । सन् १६६० मा अमेरिकामा सरकारी विद्यालयहरुको स्तर नबढ्नुको कारण खोज्दा अनुसन्धानले देखायो कि "सरकारी विद्यालयमा अभिभावकहरुको सतर्कता ( Guardian Alertness) को कमी" को कारण गुणस्तर सुधार हुन सकेन । त्यसपछि सरकारले विद्यालय र अभिभावकलाई इन्भल्भ गर्ने डिजिटल प्लेटफर्म तयार पार्‍यो । आजको दिनमा, अमेरिकाको शिक्षा प्रणाली विश्वमै उत्कृष्ट मानिन्छ । नेपालमा पनि सन् २००० देखि हालसम्म करिब ५०% अभिभावकहरु विदेशिएका छन् भने बँकी २५% घरभन्दा बाहिर रहने अवस्थामा छन् । अभिभावक भेला गर्दा पनि अभिभावकको उपस्थिति २५% भन्दा बढी हुँदैन । यस कारण Guardian Alertness को कमीले विद्यालयहरुको शैक्षिक स्तरमा असर पुर्‍याएको छ । School Ecosystem मा विद्यालय प्रशासन, प्रधानाध्यापक, विद्यार्थी र अभिभावक सम्मिलित हुन्छ । यस्तो अवस्थामा, प्रविधिमार्फत् अभिभावक र विद्यालयलाई जोड्ने काम अत्यन्तै महत्वपूर्ण बन्दै गएको छ ।

ई-डिजिटल नेपालले मेची-महाकाली डिजिटल अभियान मार्फत् आठ सयभन्दा बढी स्कूलहरुलाई डिजिटल बनाइसकेको छ र दुई लाखभन्दा बढी अभिभावकहरुलाई आफ्ना विद्यार्थीहरुसँग जोडिसकेको छ । तर, अझै पनि भौतिक रुपमा टाढा रहेका अभिभावकहरु र विद्यालयहरुबीचको दूरीलाई प्रविधिमार्फत् कम गर्ने चुनौती बाँकी नै छ ।




अभिभावकहरु दैनिक पाँच घण्टा मोबाइलमा बिताउँछन्, अभिभावकको डिजिटल उपस्थिति, विद्यालयको भैतिक उपस्थिति बढी छ । अब डिजिटल प्रविधि अपनाई अभिभावकलाई विद्यालयसँग जोड्नु आवश्यक छ ।

ई-डिजिटल नेपाल कसरी अभिभावकलाई स्कूलसँग जोड्छ ?

"ई-डिजिटल नेपालले मोबाइल एप्स मार्फत् अभिभावकलाई विद्यालयसँग रियल टाइम अपडेट प्रदान गर्छ, जसले प्रभावकारी सम्पर्क स्थापना गर्छ । अभिभावकले बच्चाको उपस्थिति, गृहकार्य, परीक्षा नतिजा, शुल्क विवरण आदि सजिलै ट्र्याक गर्न सक्छन् । LMS, ई-लर्निङ्ग र अनलाइन कक्षाले विद्यार्थीको सिकाई सुधार गर्छ । स्वचालित प्रैशासन, जीपीएस ट्र्याकिङ्ग, बायोमेट्रिक उपस्थिति र डिजिटल आईडी कार्डले विद्यालय सञ्चालनलई सुरक्षित र प्रभावकारी बनाउँछ । डिजिटल प्रविधि अपनाउँदा विद्यालयको ब्रान्डिङ्ग र भर्ना दर बढ्छ, जसले समग्र शैक्षिक गुणस्तर सुधार गर्छ ।"

डिजिटल विद्यालयको प्रभाव

डिजिटल रुपमा अभिभावकहरु जोडिएपछि विद्यालयहरुमा निम्न फाइदाहरु देखिन्छन्:

- अभिभावकहरुको सक्रिय सहभागिता: स्कूल र अभिभावकबीच प्रत्यक्ष संवाद हुँदा शिक्षाको गुणस्तर बढ्छ ।
- विद्यालयको व्यावसायिक वृद्धि: अभिभावक स्कूल व्यवस्थापनसँग जोडिँदा विद्यार्थीहरुको भर्ना बढ्छ ।
- विद्यार्थीहरुको राम्रो पदर्शन: अभिभावकहरु निरन्तर अपडेट भएकाले विद्यार्थीहरु अनुशासित, उत्साहित र अध्ययनशील हुन्छन् ।

निष्कर्ष

आजको युग भनेको प्रविधिको युग हो । अब विद्यालयहरु परम्परागत भौतिक उपस्थितिमा मात्र भर पर्न सक्दैनन् । अभिभावकलाई विद्यालयसँग प्रविधिमार्फत् जोड्नाले विद्यार्थीहरुको शैक्षिक स्तर सुधार हुन्छ । ई-डिजिटल नेपालले शिक्षा क्षेत्रमा डिजिटल क्रान्ति ल्याउँदै शिक्षा प्रविधि मार्फत् सबैलाई सशक्त बनाउँदैछ ।

*(लेखक ईन्जिनियर बसन्त गुप्ता ई-डिजिटल नेपालका संस्थापक हुन् ।)*

# राजतन्त्रलाई हिन्दूत्वको उपेक्षक भन्दै अभियानद्वारा 'हिन्दू गणतन्त्र' को माग



काठमाडौं । तिनकुनेमा १५ गते भएको प्रदर्शन हिंसात्मक मोड लिएपछि त्यसले मुलुकभर तरंग ल्याएको छ। प्रदर्शनको क्रममा एक पत्रकारको जीवितै जलाएर हत्या र एक प्रदर्शनकारीको मृत्यु भएपछि मुलुक शोकमा डुबेको छ। सार्वजनिक तथा निजी सम्पत्तिमा भएको क्षतिले आन्दोलनको स्वरूप र उद्देश्य दुवैप्रति गम्भीर प्रश्न उठाएको छ। यस घटनाप्रति गहिरो समवेदना व्यक्त गर्दै राष्ट्रिय एकता अभियानले आज एक प्रेस विज्ञप्ति जारी गरेको छ। विज्ञप्तिमा आन्दोलनमा देखिएको हिंसाको लागि दुवै पक्ष–सुरक्षा संयन्त्र र प्रदर्शनकारी–लाई जिम्मेवार ठहर गरिएको छ। अभियानका अनुसार शान्तिपूर्ण प्रदर्शनको मर्यादा नाघिएको र सुरक्षाकर्मीहरूबाट संयमको अभाव देखिएको स्पष्ट भएको छ। यस सम्बन्धमा निष्पक्ष अनुसन्धान र कानुनी कारबाहीको माग गरिएको छ।

प्रेस विज्ञप्तिमा आन्दोलनलाई पूर्वराजा ज्ञानेन्द्रको समर्थनका रूपमा चित्रित गर्ने प्रयासप्रति आपत्ति जनाइएको छ। अभियानका अनुसार यो आन्दोलन जनताको गहिरो असन्तोष र गणतन्त्रपछिका १५ वर्षको विफलताको परिणाम हो। बारम्बारको सरकार परिवर्तन, बढ्दो भ्रष्टाचार, बेरोजगारी र सामाजिक असमानताले जनता निराश बनेको उल्लेख गरिएको छ।

राष्ट्रिय एकता अभियानले पूर्वराजाको हिन्दुत्वसँग जोडिएको छविप्रति पनि कडा टिप्पणी गरेको छ। विज्ञप्तिमा राजतन्त्रकालमा हिन्दू धर्मको संस्थागत क्षय भएको उल्लेख गर्दै पूर्वराजालाई हिन्दू संरक्षकको रूपमा चित्रण गर्नु ऐतिहासिक दृष्टिले गलत भएको बताइएको छ। पशुपतिनाथ मन्दिरको व्यवस्थापनदेखि गुरुकुल शिक्षाको पतनसम्मका उदाहरण प्रस्तुत गर्दै अभियानले पूर्वराजालाई 'हिन्दू परम्पराको उपेक्षक' को रूपमा चित्रित गरेको छ।

अभियानले वर्तमान धर्मनिरपेक्ष राज्यले हिन्दू धर्म र परम्परालाई क्रमश: कमजोर बनाउँदै लगेको आरोप पनि लगाएको छ। जनसंख्याको ८१% हिन्दू रहेको मुलुकमा धार्मिक अनुष्ठानमाथि उपेक्षा, मठमन्दिरमा हस्तक्षेप र हिन्दू संस्कारको अपमान गरिएको दाबी गरिएको छ।

यसको समाधानको रूपमा राष्ट्रिय एकता अभियानले 'हिन्दू गणतन्त्र' को अवधारणा प्रस्तुत गरेको छ–जसमा लोकतन्त्र कायम रहनेछ, तर राज्यले हिन्दू सांस्कृतिक आत्मालाई अंगिकार गर्नेछ। अभियान अध्यक्ष विनय यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा हिन्दू गणतन्त्रले धार्मिक जबर्जस्तीलाई अस्वीकार गर्दै सहिष्णुता, पारदर्शिता र सांस्कृतिक चेतनायुक्त राज्य प्रणालीको निर्माणमा बल दिने दाबी गरिएको छ।

अन्त्यमा अभियानले सबै राजनीतिक दल, नागरिक समाज, धार्मिक संस्था, युवा र आम नागरिकलाई 'आक्रोशलाई विवेकमा रूपान्तरण गर्न' अपिल गरेको छ, र जनलहरलाई सही दिशा दिनु साझा दायित्व भएको उल्लेख गरेको छ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# दीर्घकालीन खानेपानीको व्यवस्थापनका लागि दुई मन्त्रालयबीच समझदारी

काठमाडौं । तराई-मधेश लगायत देशका अन्य क्षेत्रहरूमा दीर्घकालीन खानेपानीको व्यवस्थापनका लागि खानेपानी मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबीच शुक्रबार भएको समझदारी पत्र हस्ताक्षर भएको छ ।



शुक्रबार यी दुई मन्त्रालयबीच भएको समझदारी पत्र हस्ताक्षर कार्यक्रममा खानेपानीमन्त्री प्रदीप यादवले तराई-मधेश लगायत देशका अन्य क्षेत्रहरूमा दिगो र भरपर्दो खानेपानी व्यवस्थापन सुनिश्चित गर्न एकीकृत र दिगो खानेपानी योजनाहरूको विकास र कार्यान्वयन गर्ने दिशामा ठोस पाइला चालिने बताएका हुन् ।

मन्त्री यादवले दिगो खानेपानी योजनाहरूको विकास र कार्यान्वयन ठोस पाइला चालिने बताए ।

उनले भने, "मधेशमा चापाकल सुक्दै गएको अवस्था छ । गर्मी मौसममा पानीको हाहाकार हुने गरेको छ । आज नेपाल सरकारका दुई महत्वपूर्ण मन्त्रालयबीच पारस्परिक समझदारी पत्रमा हस्ताक्षर गरि औपचारिक रूपमा आदान-प्रदान गरिएको छ । अब पानीको समस्या समाधान हुने छ ।"

यसैगरी उनले आजको यो विशेष दिन, तराई-मधेश लगायत देशका अन्य क्षेत्रहरूमा दिगो र भरपर्दो खानेपानी व्यवस्थापन सुनिश्चित गर्नका निम्ति नेपाल सरकारका दुई महत्वपूर्ण मन्त्रालयहरू खानेपानी मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबीच पारस्परिक समझदारी पत्रमा हस्ताक्षर गरि औपचारिक रूपमा आदान-प्रदान गरिएको कुरा आफैमा निकै खुशीको विषय भएको बताए ।

सोही कार्यक्रमलाई सम्बोधन गर्दै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले गरिएको समझदारी पत्र हस्ताक्षरले खानेपानीको समस्या समाधानका लागि एक विशेष महत्व राख्ने तथा सिँचाई, बिद्युत् उत्पादनमा ठूलो योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

समझदारी पत्रमा खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इन्जिनियर रामकुमार श्रेष्ठ तथा जलस्रोत तथा सिँचाई विभागका तर्फबाट महानिर्देशक सञ्जीव बरालले पनि हस्ताक्षर गरेका थिए ।

उक्त समझदारी पत्रमा पहिलो पक्षको रुपमा खानेपानी मन्त्रालय र दोस्रो पक्षको रुपमा ऊर्जा, जलस्रोत तथा सिँचाइ भनिएको छ । यसपश्चात् यी दुवै मन्त्रालयलाई संयुक्त रूपमा "समझदारी पत्रका पक्षहरू" भनी उल्लेख गरिएको छ ।

यो समझदारी पत्रले नेपालको संविधान, दिगो विकास लक्ष्य (क्म्न) नं ६, खानेपानी, सरसफाइ तथा स्वच्छता नीति २०८०, र खानेपानी तथा सरसफाइ ऐन २०७९ मा उल्लिखित मूलभूत अधिकारअनुसार हरेक नागरिकलाई सुरक्षित, भरपर्दो र स्थायी खानेपानी सेवा उपलब्ध गराउने राष्ट्रिय प्रतिबद्धतालाई मूर्त रूप दिने अपेक्षा गरिएको जनाइएको छ ।

यस समझदारी पत्रले भविष्यमा संघीय, प्रदेश र स्थानीय तहसँग समन्वय गरी, प्राविधिक तथा नीतिगत रूपमै एकीकृत र दिगो खानेपानी योजनाहरूको विकास र कार्यान्वयन गर्ने दिशामा ठोस पाइला चालिने विश्वास लिइएको छ । उक्त समझदारी पत्रमा २४ वटा बुँदाहरू समावेश गरिएका छन् ।

## शिक्षकको आन्दोलनमा रामुपाको ऐक्यवद्धता

काठमाडौं । राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालले शिक्षकहरूको न्यायोचित मागहरू पूरा गर्न सरकारलाई तत्काल कदम चाल्न आग्रह गर्दै आन्दोलनप्रति ऐक्यबद्धता जनाएको छ । अध्यक्ष महतो विज्ञप्ति जारी गरी काठमाडौंमा जारी रहेको शिक्षक आन्दोलनलाई पूर्ण समर्थन जनाएका हुन् । नेपालका शिक्षकहरू राष्ट्र निर्माणको आधारस्तम्भ हुन्, तर उनीहरूको सेवा अवस्था, आर्थिक सुरक्षा र गरिमामय जीवनयापनको मागहरू लगातार उपेक्षित छन् ।

शैक्षिक पेशागत सम्मान र स्वायत्तताको संरक्षण, शिक्षा ऐनमा शिक्षकहितका प्रावधानहरू समावेश गर्ने, जस्ता मागहरू राष्ट्रिय शिक्षा विकासको लागि अत्यावश्यक छन् ।

उनले विज्ञप्तिमा भनेका छन्, 'हामी मान्छौं कि शिक्षकहरूको आवाजलाई बेवास्ता गर्नु भनेको देशको भविष्यसँग खिलवाड गर्नु हो । शिक्षकहरूको हक अधिकारको लडाइँ भनेको राष्ट्रिय प्रगतिको लडाइँ हो ।' 'शैक्षिक वर्ष प्रारम्भको अवस्थामा शैक्षिक संस्था छोडेर शिक्षकहरु सडकमा आउनु पर्ने अवस्था सृजना गर्नु अत्यन्तै दुखद हो तसर्थ शिक्षकहरुको माग अविलम्ब पुरा गरियोस भनि सरकारलाई सचेत गराउन चाहन्छौं । साथै शिक्षकको न्यायपूर्ण माग मुद्दा प्रति हाम्रो पूर्ण ऐक्यवद्धता छ ।' विज्ञप्तिमा भनिएको छ ।

## शिक्षकहरूको आन्दोलनमा जनता प्रगतिशील पार्टीको ऐक्यबद्धता

काठमाडौं । शिक्षकहरुको जारी आन्दोलनमा हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी नेपालले समर्थन जनाएको छ ।

जनता प्रगतिशील पार्टीका वरिष्ठ उपाध्यक्ष डा.शिवजी यादवले मंगलबार प्रेस विज्ञप्ति जारी गरी शिक्षकहरुको आन्दोलनप्रति समर्थन जनाएका हुन् ।

वरिष्ठ उपाध्यक्ष डा.यादवले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'नेपाल शिक्षक महासंघले माघ महिनादेखि घोषणा गर्दै हाल काठमाडौंकेन्द्रित गरिरहेको यस आन्दोलनलाई समर्थन गर्दै जनता प्रगतिशील पार्टी नेपाल यस आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्दछ ।'

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका

धनुषा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका

महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका

सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका

महोत्तरी, मधेश प्रदेश



# मिथिला संस्कृति र परम्परा उजागर गर्ने मेरो उद्देश्य हो



सोनी सलोनी (सोनी कण्ठ)

गायन क्षेत्रमा नयाँ उदयीमान भएकी नयाँ अनुहार हुन् सोनी सलोनी (सोनी कण्ठ)। जनकपुरधाम उपमहानगरपालिका वडा न. ९ मा जन्मिएकी सोनी आफ्नो गायनको क्षेत्रमा छुटै पहिचान बनाउन सफल रहेकी छन्। सोनी सलोनी विभिन्न सांस्कृतिक कार्यक्रममा स्टेज शो गरेर आफ्नो गायनको प्रस्तुति गरिसकेकी सोनीसँगको पत्रकार अजय सिंह भारद्वाजले गरेको कुराकानीको सारसंक्षेपः

**० सर्वप्रथम तपाईँ आफ्नो सानो परिचय दिनुस् त ?**

– मेरो नाम सोनी कुमारी कण्ठ हो । म दुई बहिनी र दुई भाई गरी जम्मा चार भाईबहिनी हुँ । मेरो शिक्षा दिक्षा प्लस टु हो । अगाडि पढ्ने इच्छा भएर पनि पढ्न सकिन ।

**० तपाईँ गायनको तालिम कहीं कतैबाट लिनु भएको हो कि ?**

– म केही महिना मात्र तालिम लिने मौका पाएँ । आर्थिक अवस्था कमजोर भएका कारण पूरा गर्न सकिन । तर, साथीभाइहरुको सहयोगबाट आज म यहाँसम्म पुगेकी छु ।

**० गायनको अलावा अन्य पेशा अपनाए पनि हुन्थ्यो, तर यसलाई नै किन रोज्नु भो ?**

– मेरो बचपनदेखिको लगाव नै यस क्षेत्रमा नै भएकाले यस पेशालाई नै बढी महत्व दिएर यसलाई नै आफ्नो मुख्य पेशा बनाई अगाडि बढ्दै गइरहेको छु ।

**० यस पेशामा लागेपछि घरपरिवारबाट कतिको सहयोग पाउनु हुन्छ ?**

– मैले यस पेशामा लागेपछि मेरो घरपरिवारका सम्पूर्ण सदस्यले मलाई सहयोग गर्नुभएको छ । मैले आजसम्म आफ्नो घरपरिवारको मान प्रतिष्ठालाई बचाएर राखेको छु । आगामी भविष्यमा पनि त्यसलाई पालन गर्ने छु भन्ने विश्वास दिलाउन चाहन्छु ।

**० तपाई जुन समाजबाट जोडिनु भएको हो, त्यसमा त मधेशी मूलका महिलाहरुलाई विभिन्न खाले टिका टिप्पणी सहनु पर्ने हुन्छ ? तपाई कतिको सहनु भएको हो ?**

– अहिलेसम्म माता जानकीको कृपाले कुनै प्रकारको टिकाटिप्पणी सुन्नु परेको छैन । मलाई विश्वास छ आउने भविष्यमा पनि सुन्ने छैन ।

**० यस पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?**

– मैले गरेको परिश्रमबाट पाएको आम्दानीबाट पुरापुरी सन्तुष्ट छु । माता जानकीको कृपाले कसैको अगाडि हात थाप्नु पर्ने अवस्था आएको छैन ।

**० तपाईँ कस्तो-कस्तो प्रोग्रामहरु गर्नुहुन्छ ?**

– विशेषगरी मेरो सांस्कृति कार्यक्रमहरु हुन्छन् । मिथिला संस्कृति र परम्परासँग जोडिएका हुन्छन् । मिथिला संस्कृति र परम्परालाई झल्काउने खालका प्रस्तुती मेरो पहिलो रोजाइमा हुन्छ । मिथिला संस्कृति र परम्परालाई उजागर गर्ने मेरो उद्देश्य रहेको छ ।

**० यस पेशामा पनि धेरै कम्पिटिशन रहेको छ । यसलाई कसरी लिनु भएको छ ?**

– हरेक पेशामा कम्पिटिशन रहेको छ । म आफ्नो स्वरमा विश्वास गर्छु । यदि मेरो स्वर राम्रो छ भने मेरा दर्शकहरु मलाई आफै खोजिहाल्छन् भन्ने मलाई विश्वास छ । आजसम्म मैले गाएको हरेक गीतहरु राम्रै रहेका छन् ।

**० तपाईँ गीत मात्र गाउनु हुन्छ कि लेख्नु पनि हुन्छ ?**

– गायनबाट समय बचेपछि कहिलेकाही गीत पनि लेख्ने गर्दछु । एउटा मेरो गीत सार्वजनिक भएको पनि छ र राम्रो चर्चा पनि पाएको थियो ।

**० अन्तमा तपाईँ आफ्नो दर्शकहरुलाई केही भन्न चाहनु हुन्छ ?**

– मलाई आफ्नो दर्शकहरु माथि विश्वास छ कि मैले गाएको हरेक गीत मन परेकै हुनुपर्छ । उहाँहरुको माया, ममता र स्नेह मिल्दै रहयो भन्ने म विश्वास दिलाउन चान्छु अझ राम्रो गर्दै जानेछु ।

## लर्डबुद्ध एजुकेशन फाउण्डेशन क्याम्पसमा रोजगारीमूलक नयाँ वेबसाइट शुभारम्भ



काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले श्रम बजार सूचना प्रणालीको विस्तार गरेर रोजगार र उद्यम प्रवर्द्धन गर्न सरकार प्रयासरत रहेको बताएका छन्।

लर्डबुद्ध एजुकेशन फाउण्डेसनको मैतिदेवीस्थित क्याम्पसमा बिहिवार आयोजित रोजगारीमूलक नयाँ वेबसाइट शुभारम्भका अवसरमा उनले आन्तरिक रोजगार प्रवर्द्धनका लागि उद्यमशीलता अपरिहार्य भएको उल्लेख गर्दै निजी क्षेत्रलाई सामूहिक प्रयासका लागि आह्वान समेत गरेका हुन् ।

मन्त्री भण्डारीले मन्त्रालयले विकास गर्दै गरेको राष्ट्रिय रोजगार पोर्टलबारे चर्चा गरे। उनले कोशी प्रदेशबाट सुरु भएको 'श्रम संसार', रोजगार पोर्टललाई छिट्टै सबै स्थानीय तहमा बिस्तार गर्ने जानकारी दिए ।

त्यसअवसरमा मन्त्री भण्डारीले 'इम्पावरिङ फ्युचर्स' कार्यक्रममा इभोल्भटुडे डट इन्फो (evolvetoday.info) नामक वेबसाइट सार्वजनिक गरे। लर्ड बुद्ध एजुकेसन फाउन्डेसनका अध्यक्ष पंकज जालानले नयाँ वेबसाइटले विद्यार्थीहरूलाई सही सीप, अवसर र उद्योगसँगको सम्बन्ध निर्माण गर्न सघाउनेमा विश्वास व्यक्त गरे। कार्यक्रममा सूचना प्रविधि क्षेत्रका साझेदार कम्पनीलाई सम्मान गरिएको थियो।

## 'दक्ष तालिम प्राप्त जनशक्ति अपरिहार्य छ'

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले बिश्व श्रम बजारकालागि दक्ष तालिम प्राप्त जनशक्ति अपरिहार्य भएको बताएका छन् । मन्त्री भन्डारीले एसोसिएसन फर ओभरसिज टेक्निकल कोअपरेशन एण्ड सस्टेनेबल पार्टनरसिप(एओटीएस) जापानको नेपाल एलुम्नाइ सोसाइटीको आयोजनामा आज शुक्रबार ललितपुरमा आयोजित दक्षिण एशियाली एसोसिएसन फर ओभरसिज टेक्निकल कोअपरेशन एण्ड सस्टेनेबल पार्टनरसिप महासंघको १४ औं अधिवेशनको उद्घाटनसत्रलाई सम्बोधन गर्नुहुँदै यस्तो बताएका हुन ।

उनले विश्व बजारमा दक्ष जनशक्तिको खांचो रहेको जिकिर गर्दै त्यसका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका तालिम केन्द्रहरु सन्चालन गर्नु पर्नेमा जोड दिए । उनले अगामी वर्ष दक्षशक्ति निर्माणका लागि नेपाल सरकारले विशेष पहल गरिरहेको बताउँदै त्यसको लागि वैदेशिक रोजगारबाट सिकेको अनुभवहरु महत्त्वपूर्ण हुने बताए । उनले भने, 'तपाइँहरु जापान गएर सिक्नु भएको सीप र अनुभव नेपाली कामदारका लागि सिकाइ कोशेढुङ्गा सावित हुनेछ । हामी तपाइँहरुसँग सहकार्य गरेर दक्ष जनशक्ति बनाउन हातेमालो गर्न तयार छौं ।'

उनले वैदेशिक रोजगारबाट सिप र थोरै पुंजी लिएर फर्केकाहरु मुलुकको सम्पती भएको बताए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# भारतका कृषिमन्त्री चौहानको नेपाल भ्रमण : द्विपक्षीय पहल र विकास परियोजनाहरूमा भएको प्रगतिको समीक्षा



काठमाडौं । भारतका ग्रामीण विकास तथा कृषि तथा किसान कल्याणमन्त्री शिवराज सिंह चौहान चैत्र २७ गते नेपालद्वारा काठमाडौंमा आयोजना गरिएको तेस्रो बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) कृषि मन्त्रीस्तरीय बैठक (तेस्रो बिएएमएम) मा सहभागिता जनाउनको लागि चैत्र २६-२८ सम्म नेपालको औपचारिक भ्रमणमा रहेका छन् ।

विगत एक दशकमा बंगालको खाडी क्षेत्रमा क्षेत्रीय विकास, कनेक्टिभिटी र आर्थिक समुन्नतिलाई प्रवर्द्धन गर्न बिम्स्टेक एक महत्वपूर्ण मञ्चको रूपमा उदय भएको छ । "कृषि र खाद्य सुरक्षा" बिम्स्टेक सहयोगको मुख्य क्षेत्रहरू मध्यको एक हो । क्षेत्रीय कृषि सहयोगलाई आकार दिन सर्वोच्च निर्णय लिने निकायको रुपमा रहेको बिएएमएमको यो तेस्रो बैठक थियो ।

बिएएमएमको पहिलो बैठक मिति २०७६ असार २७ गते म्यानमारमा भएको थियो र त्यसपछिको दोस्रो बिएएमएमको बैठक मिति २०७९ कात्तिक २४ गते भारतमा सम्पन्न भएको थियो । तेस्रो बिएएमएमको समयमा कृषि मन्त्रीहरूले मत्स्यपालन र पशुपन्छी सहयोग सहित बिम्स्टेक कृषि क्षेत्रमा थप गति प्रदान गर्ने तरिका र माध्यमहरूमा छलफल गरेका थिए ।

भ्रमणको क्रममा चैत्र २७ गते भारतका ग्रामीण विकास तथा कृषि तथा किसान कल्याण मन्त्रीले आफ्ना समकक्षी नेपालका कृषि तथा पशुपन्छी विकास मन्त्रीसँग द्विपक्षीय बैठक पनि गरे ।

उनले तेस्रो बिएएमएमको बैठक सफलतापूर्वक आयोजना गरेकोमा आफ्ना समकक्षीलाई बधाई दिए । दुवै मन्त्रीहरूले कृषि क्षेत्रमा गरिएका विभिन्न द्विपक्षीय पहल र विकास परियोजनाहरूमा भएको प्रगतिको समीक्षा गरे र थप सहकार्यका लागि हुन सक्ने अवसरहरूबारे छलफल गरे ।

भारत सरकारको कृषि तथा किसान कल्याण मन्त्रालय र नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच कृषि क्षेत्रमा सहयोगसम्बन्धी समझदारीपत्रमा दुवै मन्त्रीहरूले चैत्र २७ गते काठमाडौंमा हस्ताक्षर गरे ।

उक्त सम्झौताले दुई देशबीच कृषि विज्ञान तथा प्रविधि, कृषि उत्पादन, बाली उत्पादन, कृषि व्यापार तथा बजारीकरण, बिरुवा संरक्षण र बजार पहुँच, बागवानी, एकीकृत कृषि प्रणाली, लघु सिँचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, जैविक खेती, जैविक मल र जैविक विषादी, पोष्टहार्भेष्टको व्यवस्थापन, जलवायु उत्थानशीलता र दिगो कृषि जस्ता क्षेत्रमा सहयोग प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ ।

यस सम्झौताले मिति २०४८ मंसिर २० गते कृषि सहयोगका लागि दुई देशबीच हस्ताक्षर गरिएको समझदारीपत्रलाई प्रतिस्थापन गरेको छ ।

भारतका ग्रामीण विकास तथा कृषि तथा किसान कल्याण मन्त्रीले चैत्र २७ गते नेपालका प्रधानमन्त्री के.पी. शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता गरे । उनले भारतको नेतृत्वको तर्फबाट अभिवादन व्यक्त गरे र भारत र नेपालबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको बारेमा छलफल गरे ।

जसले ऐतिहासिक, सांस्कृतिक, सभ्यतागत र जनता-जनताबीचको सम्बन्धमा गहिरो जरा गाडेको छ । कृषिका विभिन्न क्षेत्रहरूमा भारत-नेपाल सहयोगलाई थप सुदृढ पार्ने तरिकाहरूबारे पनि छलफल भएको थियो ।

तेस्रो बिएएमएममा सहभागिता जनाउन तथा अन्य प्रमुख द्विपक्षीय भेटघाटहरू गर्न भारतका ग्रामीण विकास तथा कृषि तथा किसान कल्याण मन्त्रीको नेपाल भ्रमणले दुई देशहरूबीच हुने नियमित उच्च-स्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिएको छ । यसले विशेष गरी कृषि र सम्बन्धित क्षेत्रहरूमा हाम्रो द्विपक्षीय र क्षेत्रीय सम्बन्धलाई थप बढावा दिन मद्दत गरेको छ ।

## 'आन्दोलनरत् शिक्षकहरूसँग तत्काल वार्ता गरी माग सम्बोधन गर्नुपर्छ'

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले विगत केही दिनदेखि आन्दोलनरत् शिक्षकहरुसँग तत्काल वार्ता गरी न्यायोचित मागहरु सम्बोधन गर्न सरकारसँग माग गरेका छन् ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका जसपा नेपालका अध्यक्ष यादवले सोमबार एक विज्ञप्ति जारी गरी मुलुकको विकास, परिवर्तन र भविष्यको मूल आधार शिक्षा नै रहेको जिकिर गरेका हुन् ।

'नेपाल सरकारको अदूरदर्शी, त्रुटिपूर्ण, शिक्षा नीति, ऐन, कानून र व्यवस्थापन सम्बन्धि कार्यले गर्दा शिक्षा क्षेत्र अत्यन्तै अन्यौल, दिशाहीन र गुणस्तरहीन तर्फ उन्मुख रहेको अवस्थामा छ । शिक्षा क्षेत्रमा देखा परेका विकृति, विसंगति, अस्तव्यस्तता र अन्यौलताको अवस्थालाई अन्त्य गरिनु पर्दछ ।' उनले विज्ञप्तिमा भनेका छन् । बाध्य भएर केही दिन देखि शिक्षकहरू आफ्ना माँगहरू लिएर काठमाडौंको सडकमा आन्दोलनरत रहेका छन् । उनले भनेका छन्, 'सरकारले आन्दोलनरत शिक्षकहरूसँग तत्काल वार्ता गरी उनीहरूका न्यायोचित माँगहरूलाई सम्बोधन गर्नु पर्दछ ।'




## जिल्ला समाचार

### अशक्त व्यक्तिलाई ह्वीलचेयर वितरण

सप्तरी । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवलकिशोर साहले आइतबार शारीरिक रूपमा अशक्त भई कष्टकर जीवन बिताउन बाध्य २५ जनालाई ह्वीलचेयर वितरण गरेका छन् । रोटरी क्लब अफ बर्दिवास र रोटरी क्लब अफ मेट्रो काठमाडौंको सहयोगमा उपलब्ध अत्याधुनिक प्रविधिको ह्वीलचेयर मन्त्री साहले आफ्नो गृहनगर हनुमाननगर कंकालिनी नगरपालिकामा एक विशेष समारोहका बीच वितरण गरेका हुन् । कार्यक्रममा मन्त्री साहले समाजमा शारीरिक अशक्तता भएका व्यक्तिहरूप्रति राज्य र समुदायको उत्तरदायित्व महत्वपूर्ण रहेको उल्लेख गर्दै यस्ता सहयोगात्मक कार्यक्रमले उनीहरूलाई आत्मनिर्भर बन्न प्रेरणा दिने विश्वास व्यक्त गरे ।

### सरकारले जनता असन्तुष्ट हुनुको कारण पत्ता लगाउनुपर्छ : सांसद गौतम

कमल राज पौडेल देवकमल, बर्दिया । नेपाली कांग्रेस बर्दिया क्षेत्र नं. १ का संघीय सांसद संजय कुमार गौतमले गोली हानेर हैन सरकारले जनता असन्तुष्ट हुनुको कारण पत्ता लगाउनु पर्ने बताएका छन् । बर्दियाको बढैयाताल गाउँपालिकाअन्तर्गत रहेको कृषि सहकारी संजालद्वारा आयोजित ६८औं सहकारी दिवसका अवसरमा मन्तव्य राख्दै सांसद गौतमले उक्त कुरा बताएका हुन् । उनले भने, 'म यहाँबाट निर्वाचित जनप्रतिनिधि भएको हुनाले यो क्षेत्रका विकासलाई नजिकबाट नियाल्ने प्रयास गरिरहेको छु । मुलुकको राजनीति एकातिर छ, हाम्रो आवश्यकता एकातिर छ र हामीले सोचेको परिस्थिति अर्कोतिर छ । हामीले किसानको समस्यालाई सम्बोधन गर्न नसकिएको अवस्था छ । सायद यस्तै कारणले होला जनता असन्तुष्ट भई अहिले सडकमा उत्रिएका छन् । सरकारले अब कत्ति पनि ढिलो नगरी जनतालाई सन्तुष्ट बनाउनु पर्छ ।' सांसद गौतमले निरंकुश राजतन्त्रलाई फालेर संवैधानिक राजसंस्था ल्याएको जानकारी गराउँदै, राजसंस्थाले पनि जनताका लागि केही नगरेको भान भएपछि राजसंस्था हटाएर गणतन्त्र व्यवस्था ल्याएको बताए । उनले जनता यो व्यवस्थाप्रति पनि सन्तुष्ट नभएकाले अब जनताको आवश्यकता के हो त भनि सरकारले बुझ्नु जरुरी भएको भन्दै देश कुन दिशा तर्फ गहिरहेको छ भनि चिन्ता व्यक्त गरे । साथै उनले यदि यसै क्रम जारी रहे यो व्यवस्था पनि टिक्न नसक्ने धारणा राखे ।

### जसपा नेपाल रौतहटमा राजीव रंजन विजयी

राकेश यादव, रौतहट । जनता समाजवादी पार्टी नेपाल रौतहटको प्रथम जिल्ला अधिवेशन बिहीबार सम्पन्न भएको छ । जिल्लाको मध्य भाग गरुडामा भएको अधिवेशनमा निर्वाचन प्रक्रियाबाट जिल्ला अध्यक्षमा राजिव रंजन यादवको प्यानल विजयी भएको हो । निकटतम् प्रतिद्वन्द्वी निवर्तमान जिल्ला अध्यक्ष श्याम बिहारी यादवलाई पराजित गर्दै ६५ मतले राजीव रंजन अध्यक्षमा निर्वाचित भएका हुन् । निर्वाचनमा खसेको ३२९ मत मध्ये १९५ मत प्राप्त गर्दै बिजयी भएका हुन् । प्रतिपक्षमा रहेका उम्मेदवार श्याम बिहारी यादवको पक्षमा १३० मत परेको निर्वाचन समितिले जनाएको छ । नयाँ जिल्ला कार्य समितिका लागि भएको निर्वाचनमा उपाध्यक्षमा अमरुल हक, पारस भण्डारी, सचिवमा शम्भु प्रसाद यादव, उप सचिवमा उपेन्द्र राय यादव, दिपेन्द्र पटेल र कोषाध्यक्षमा बृज मोहन साह निर्वाचित भएका छन् । श्याम बिहारी यादवका प्यानलमा रहेका उम्मेदवार अमृतलाल चौधरी, रामेश्वर राय, जयराम महतो, प्रवेज आलम, बसन्त झा र कोषाध्यक्ष सुरेन्द्र बैठा निर्वाचनमा पराजित भएका छन् । नवनिर्वाचित अध्यक्ष राजीव रंजनले यो पार्टीको निर्वाचन भएकोले हार जीतको कुरो नभएर लोकतान्त्रिक प्रक्रिया भएको बताए । आफू निर्वाचित भएपनि पार्टीको सच्चा कार्यकर्ता भएर सबैसँग हातेमालो गरेर अघि बढ्ने प्रतिबद्धता गर्दै चुनावी प्रक्रियामा भाग लिने सम्पूर्ण प्रतिनिधिलाई धन्यवाद ज्ञापन गरेका छन् ।

### हाइसको ठक्करबाट साइकलयात्रीको मृत्यु

कैलाली । जानकी गाउँपालिका-५ अमौरास्थित सडकमा सु.प.प्र.०१-००१ ज १५९८ नम्बरको हाइसको ठक्करबाट साइकलयात्री सोही ठाउँ बस्ने ४४ वर्षीया हरू बडुवालको बुधबार बिहान मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको टीकापुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका साइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले हाइस चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### रौतहटमा आगलागीको ११४ घटना

रौतहट । जिल्लामा लगभग दिनहुँ आगलागी भइरहेका छन् । आगलागीबाट धनजनका क्षतिहरु हुँदै आएका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक दिलिप घिमिरेले सुख्खा मौसमको आगमन भएकोले आगोको प्रयोग सावधानीपूर्वक गर्नु पर्ने बताएका छन् । गर्मीको समयमा जथाभावी आगो प्रयोग गर्नाले जन्धनको क्षति पुग्ने जोखिम भएकोले आगो सावधानीपूर्वक प्रयोग गर्न उनले आग्रह गरेका हुन् । जिल्लामा आगलागीको घटना बढ्दै गएको बेलामा हुन सक्ने दुर्घटना न्यूनीकरण गर्नका लागि सचेत हुनु आवश्यक रहेको उनले बताए । घरमा सलाई, लाइटर, पेट्रोलियम पदार्थ, ग्यास सिलिन्डर सुरक्षित स्थानमा राख्नु पर्ने भन्दै प्रहरी उपरीक्षक घिमिरेले बालबालिकाको पहुँचबाट यस्ता सामाग्री टाढा राख्नु पर्ने सुझाव दिए । घिमिरेले घरमा राख्नु पर्ने बहुमुल्य समान, नगद, महत्वपूर्ण कागजपत्र सुरक्षित रुपमा राख्न अपिल गर्दै तेज हावाहुरी चलेको बेला घरमा तथा घर बाहिर खेत, खलिहान लगायतका सार्वजनिक स्थानमा आगोको प्रयोग नगर्न सर्वसाधारणसँग अनुरोध समेत गरेका छन् । चालु आर्थिक वर्षको चैत्रसम्म रौतहट जिल्लामा आगलागीका ११४ वटा घटना घटेका छन् । आगलागीको घटनामा २ करोड भन्दा बढीको क्षति भएको हो । प्रज्वलनशील पदार्थ तथा आगोको अव्यवस्थित व्यवस्थापनले गर्दा आगलागीको घटनामा वृद्धि भएको हो । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार चैत्र २५ गतेसम्म ११४ वटा घटना घटेको छ । घटनामा २ जना महिलाको मृत्यु भएका छन् भने ८ जना पुरुष, १ जना बालक घाइते भएका छन् । आगलागीमा १९ वटा चौपायाको जलेर मृत्यु र २५ वटा चौपाया घाइते भएका छन् ।

# नेपालको सर्वोच्च अदालत र भारतको सर्वोच्च अदालतबीच समझदारीपत्रमा हस्ताक्षर



काठमाडौं । भारतको सर्वोच्च अदालतले नेपालको सर्वोच्च अदालतसँग दुई देशबीचको न्यायिक सहयोगको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्नका लागि एक समझदारी पत्रमा हस्ताक्षर गरेको छ ।

उक्त समझदारी पत्रमा नेपालका प्रधानन्यायाधीश जस्टिस प्रकाशमान सिंह राउत र भारतका प्रधानन्यायाधीश जस्टिस संजीव खन्नाको उपस्थितिमा हस्ताक्षर गरिएको थियो ।

दुई देश र उनीहरूका जनताबीच रहेको सौहार्दपूर्ण र मैत्रीपूर्ण सम्बन्धबाट प्रेरित हुँदै यस समझदारी पत्रले दुई देशका न्यायपालिकाहरूबीचको सहयोगको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्ने लक्ष्य राखेको छ ।

यस समझदारी पत्रले कानून र न्यायको क्षेत्रमा भएका पछिल्ला विकासहरूको बारेमा पारस्परिक जानकारीको आदानप्रदानलाई प्रोत्साहन गर्नुका साथै भ्रमणको आदानप्रदान, अल्पकालीन तथा दीर्घकालीन तालिम र शैक्षिक कार्यक्रमहरू जस्ता कार्यक्रमहरू मार्फत न्यायपालिकाका विभिन्न तहका न्यायाधीशहरू र अधिकारीहरूबीच अन्तरक्रियालाई पनि प्रवर्द्धन गर्नेछ ।

अधुरा कार्यहरु पूरा गर्न, अदालती प्रक्रियाहरूलाई तीव्र पार्न र सरोकारवालाहरूलाई राम्रो सेवा प्रदान गर्न प्रविधिको प्रयोगको महत्त्वलाई आत्मासात गर्दै यस समझदारी पत्रले सम्बन्धित अदालत र अन्य संस्थाहरूमा प्रयोग हुने प्रविधिसँग सम्बन्धित जानकारी साझा गर्ने व्यवस्था गरेको छ ।

समझदारी पत्रका अनुसार न्यायिक सहयोगलाई प्रवर्द्धन र थप सुदृढीकरण गर्न र यसका लागि योजना र ढाँचा तयार गर्न दुई न्यायपालिकाका अधिकारीहरू सम्मिलित एक संयुक्त कार्यदल गठन गरिनेछ ।

भारत सरकार र भारतको सर्वोच्च अदालतले यस अघि नै इजरायलको सर्वोच्च अदालत, सिंगापुर गणराज्यको सर्वोच्च अदालत, बंगलादेशको सर्वोच्च अदालत, भुटानको सर्वोच्च अदालत, ट्युनिसिया सरकार, जाम्बिया सरकार, मोरोक्को सरकार, माल्दिभ्स सरकार लगायत अन्य देशहरू/संस्थाहरूसँग न्यायिक सहयोगका लागि समझदारी पत्रमा हस्ताक्षर गरिसकेका छन् ।

# सिंहदरबार घेराउसहित आजपाले घोषणा गर्यो दोस्रो चरणको आन्दोलन

काठमाडौं। आम जनता पार्टी (आजपा) ले सिंहदरबार घेराउ गर्ने निर्णय गरेको छ। नक्कली गणतन्त्रवादीलाई सिंहदरबारबाट निकाल्ने निष्कर्ष सहित सिंहदरबार घेराउ गर्ने निर्णय आजपाले गरेको छ।

आजपा केन्द्रीय कार्यालय काठमाडौं, कोटेश्वरमा आज बसेको स्थायी कमिटी बैठकले दोस्रो चरणको आन्दोलनको घोषणा गर्दै आउँदो जेठ १५ गते सिंहदरबार घेराउ गर्ने निर्णय गरेको छ ।

बैठकलाई सम्बोधन गर्दै आजपा अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले नक्कली गणतन्त्रवादीलाई तह लगाउन सिंहदरबार घेराउ गर्ने बताए । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार र अहिलेको व्यवस्था पूर्णरुपमा असफल भएको बताउदै उनले नक्कली गणतन्त्रवादीलाई सिंहदरबारबाट निकाल्नुपर्ने बताए ।

यस्तै ओली नेतृत्वको सरकार र दलाल दलतन्त्रको देशव्यापी भण्डाफोर अभियान सञ्चालन गर्ने निर्णय बैठकले गरेको छ । दोस्रो चरणको आन्दोलन अन्तरगत जिल्ला-जिल्लामा सर्वपक्षिय भेलाद्धारा जनआन्दोलन परिचालन समिति गठन गर्दै सरकार र दलाल एवं लुटकारी दलतन्त्र बिरुद्ध भण्डाफोर अभियान सञ्चालन गरिने आजपा महासचिव त्रिभुवन साहले जनाएका छन् ।

गणतन्त्र दिवसकै अवसरमा आगामी जेठ १५ गते नक्कली गणातन्त्रवादी अर्थात दलतन्त्रवादीलाई सिंहदरबारबाट निकाल्ने उनले बताए ।

यस्तै बैठकले पार्टीद्धारा घोषित तेस्रो जनआन्दोलन अन्तरगतको चैत २४ गतेको काठमाडौंमा भएको प्रदर्शन र सभा उत्साहजनक सहभागितामा सफल भएको निष्कर्ष निकालेको छ । चैत २४ गतेको सभा र विरोध प्रदर्शन व्यापक समर्थन र सहभागितामा सम्पन्न भएको र कार्यक्रमलाई सफल बनाउन भौतिक, आर्थिक, नैतिक सहित सहयोग गर्ने सबैलाई बैठकले धन्यवाद व्यक्त गरेको आजपा प्रवक्ता चन्द्रभुषण साहले जनाएका छन् ।

यसैगरी बैठकले पार्टीको हितविपरित कार्य गर्ने र पार्टी विधान, बिचार बिरुद्ध कार्य गर्ने पार्टीका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साहलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी निष्काशन गरिएको छ ।

दलाल एवं लुटकारी दलतन्त्र बिरुद्ध संघर्ष गर्दै आएको आजपाले भ्रष्टाचार, अनियमितता, कुशासन, बैदेशिक रोजगार ठगी, सरकारको मनोमानी कर आतंक लगायतका बिरुद्धमा आन्दोलन गर्दै आएको छ ।

## अग्निपरीक्षामा...

मोर्चाले तराई-मधेशका जनताबीच कसरी भावनात्मक र भौगोलिक एकता बनाउन सक्छन् भन्ने प्रश्नमा उनले भनेका छन्, ‘अहिले मोर्चा बनेको छ, मोर्चाले ती कामहरुलाई अगाडि बढाउँछ । मोर्चाभित्र गहिराईपूर्वक छलफल हुन्छ। यो सही हो कि मोर्चाका अधिकांश नेताहरु मधेश प्रदेशकै हुनुहुन्छ र उहाँहरुबीच पनि एक किसिमको प्रतिस्पर्धा मधेश प्रदेशभित्रै छ। उहाँहरु पनि यसबाट अलि माथि उठ्नुपर्ला । हामीले मधेशको राजनीति सुरु गर्दा विशेषगरी गजेन्द्रबाबुको नेतृत्वमा राजनीति भो, त्यसबेला त भावनात्मकरुपमा मधेश एक थियो । कसरी विखण्डित भो, के कारणले विखण्डित भो, अब यसको बाटो के हो ? त्यसकारणले ये ठूलो चुनौती हो । यो चुनौतीलाई मोर्चाले पार गर्नैपर्छ र त्यतातर्फ सोच्नुपर्छ ।’

## उत्पीडित...

संविधानका सबै सीमाहरु उल्लंघन गरेर जनतालाई उक्साएर अपराध गर्न लगाएको बताएका छन् । ‘पूर्वराजा ज्ञानेन्द्रलाई दिइएका सबै सुविधाहरु खोस्नुपर्छ । किनभने उनले संविधान माथि आक्रमण गरिरहेका छन् । जहाँ पनि जसको विरुद्धमा क्रान्ति हुन्छ, त्यसलाई समाप्त पार्छ र नयाँलाई स्थापित गर्छ । तर नेपालमा पटक-पटक जनतालाई धोका दिने काम कांग्रेस, एमाले र माओवादीले गरे । अहिले पनि जनताले भनिरहेका छन् कि यो अपराधीलाई कारबाही गर ।’ उनले भने ।

सो अन्तरक्रिया कार्यक्रममा नेपाल संघीय समाजवादी पार्टीका केन्द्रीय महासचिव अनन्त राई, मधेशका सांसद एवं पूर्वगृह, सञ्चार तथा कानूनमन्त्री विमला अन्सारी, बहुजन एकता पार्टी, नेपाल सद्भावना पार्टी र जनजातृति पार्टीका शीर्ष नेताहरुले सम्बोधन गरेका थिए ।

# नेपाल-भारत सीमा सुरक्षासम्बन्धी संयुक्त बैठक सम्पन्न



काठमाडौं । नेपाल-भारत सीमाको सुरक्षामा सघन सहकार्य गर्ने उद्देश्यले सर्लाही, महोत्तरी, रौतहट र भारतको सीतामढी जिल्लाका सुरक्षा तथा प्रशासनिक निकायबिच संयुक्त बैठक सम्पन्न भएको छ । सोमबार साँझ भारतको सीतामढीमा आयोजित उक्त बैठकमा दुवै देशका सम्बन्धित जिल्लाका उच्च अधिकारीहरूको उपस्थिति थियो । नेपालको तर्फबाट प्रमुख जिल्ला अधिकारीहरू, सहायक प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरू र भन्सार कार्यालयका प्रतिनिधिहरू उपस्थित रहेको थियो । भारत तर्फबाट सीतामढीका मुख्य जिल्ला अधिकारीको नेतृत्वमा प्रहरी अधीक्षक, एसएसबी तथा भन्सार कार्यालयका पदाधिकारीहरू सहभागी भएका थिए ।

बैठकमा खुला सीमाका कारण बढ्न सक्ने आपराधिक गतिविधिहरू जस्तै लागुऔषध र मदिराको अवैध ओसारपसार, चोरी-तस्करी, अवैध मुद्रा कारोबार-नियन्त्रण गर्ने विषयमा छलफल गरिएको थियो ।

साथै, आपसी सूचना आदानप्रदानलाई प्रभावकारी बनाउने र सीमाक्षेत्रमा शान्ति तथा सुरक्षालाई सुदृढ बनाउने उपायहरूमा सहमति जनाइएको थियो । जिल्ला प्रशासन कार्यालय सर्लाहीका अनुसार, यस्ता संयुक्त समन्वय बैठकहरू समयसमयमा गर्दै आइएको छ, जसले नेपाल-भारतबीचको सीमा सुरक्षा सहकार्यलाई थप मजबुत बनाएको छ ।

# नेपाल र भारतबीच कृषि क्षेत्रमा सहयोगका लागि समझदारीपत्रमा हस्ताक्षर




काठमाडौं । नेपाल र भारतबीच कृषि क्षेत्रमा सहयोगका लागि एक समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

बुधबार भएको सो समझदारीपत्रमा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी र भारतका ग्रामीण विकास तथा कृषि तथा किसान कल्याणमन्त्री शिवराज सिंह चौहानले हस्ताक्षर गरेका छन् ।

यस सम्झौताले विशेष गरी बाली उत्पादकत्वमा सुधार, पोष्टहार्भेष्टको व्यवस्थापन र बजारीकरणका साथै जलवायु उत्थानशीलता र दिगो कृषि जस्ता क्षेत्रहरूमा हाल जारी रहेको सहयोगलाई नयाँ प्रेरणा दिने जनाइएको छ ।

दुवै मन्त्रीहरूले कृषि क्षेत्रमा रहेको द्विपक्षीय सहयोगको समीक्षा गर्नुभयो र पारस्परिक लाभका लागि सहकार्यलाई थप बढावा दिने तरिकाहरूबारे छलफल गरेका थिए ।

## व्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं

- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सन्तुलित, पोषणयुक्त आहार सेवन गरौं,
- नियमित शारीरिक परिश्रम गरौं,
- दैनिक रुपमा निद्रा पुग्ने गरी सुतौं,
- ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं